# कक्षा ८ को 'हाम्रो नेपाली किताब' र 'नेपाली'(परीक्षणका लागि) भित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन


शोधार्थी

इन्द्रमणि ढुंगाना

त्रिवि दर्ता नं. ९-१-९-२१७-२००४

क्याम्पस क्रमाङ्क : २१४०२३८/०६८

शैक्षिक वर्ष : २०६६/०६७


त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय अन्तर्गत सुकुना बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग

स्नातकोत्तर (एम.एड) द्वित्तीय वर्षको नेपाली शिक्षा

(नेपा.शि. ५९८) को प्रयोजनको निमित्त प्रस्तुत

## शोधपत्र


सुकुना बहुमुखी क्याम्पस

नेपाली शिक्षण विभाग

कोसीहरैँचा मोरङ

२०७२/२०१५



कक्षा ८ को 'हाम्रो नेपाली किताब' र 'नेपाली' (परीक्षणका लागि) भित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन इन्द्रमणि ढुंगाना २०७२

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत सुकुना बहुमुखी क्याम्पस नेपाली शिक्षा विभागका स्नातकोत्तर तहका छात्र इन्द्रमणि ढुंगानाले कक्षा आठको 'हाम्रो नेपाली किताब' र 'नेपाली' भित्र समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन शीर्षकको शोधपत्र मेरो निर्देशनमा कडा परिश्रमका साथ तयार पार्नुभएको हो, उहाँको शोधपत्रप्रति म सन्तुष्ट छु र उचित मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७२/०१/१

..................................

शोधनिर्देशक

गेहेन्द्र खनाल
सुकुना बहुमुखी क्याम्पस,
कोसीहरैँचा मोरङ
नेपाली भाषा शिक्षा विभाग

## कृतज्ञताज्ञापन

सर्वप्रथम शोधशीर्षक छनोटदेखि शोधपत्र तयार पार्दासम्म अलिकति पनि अफ्ट्यारो महसुस नगराइकन सधैँ उपयुक्त सल्लाह र सुझाव प्रदान सहज वातावरणमा शोधपत्र तयार गर्न सहयोग  गर्नुभएकोमा शोधनिर्देशक प्राध्यापक गेहेन्द्र खनालज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

वास्तवमा, शोध छलफल र सोधखोजबाट मात्र निष्कर्षमा पुगिने विषय भएकाले सम्बन्धित विषयका विज्ञ, विशेषज्ञ तथा सम्बद्ध सबैको सहयोग अपरिहार्य हुन्छ । यथा समयमै शोधपत्र तयार गर्न हरदम सल्लाह, सुझाव र सहयोग प्रदान गर्नुहुने विभागीय प्रमुख श्री अमृत आचार्य, गुरुवरहरू दिपक न्यौपाने र श्री मेघनाायण श्रेष्ठ ज्यू प्रति हार्दिक कृतज्ञता प्रदान गर्दछु ।

यस शोधपत्र तयारीका क्रममा आइपरेका समस्या समाधानमा  आवश्यक सहयोग पुऱ्याउनुहुने आदर्श उ.मा.वि  बराहक्षेत्रका प्रचार्य श्री प्रल्हाद भट्टराई ज्यू लाई हार्दिक आभार प्रकट गर्दछु ।

यस शोधकार्यलाई निर्दिष्ट समयमा सम्पन्न गर्नका लागि मलाई बारम्बार सचेत गराइरहने बुबा कृष्णप्रसाद ढुंगाना, आमा विष्णुमाया ढुंगाना, दाजु सुरेशमणि ढुंगाना र भाउजू रोमादेवि ढुंगाना प्रति म हार्दिक कृतज्ञ छु ।

यस शोधपत्रलाई समयमा नै कम्प्युटर टाइप गरी सहयोग पुऱ्याउनुहुने टिना कम्प्युटरका  यज्ञमणि निरौलालाई धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनको लागि शिक्षाशास्त्र संकाय नेपाली शिक्षा विधाग सुकुना बहुमुखी क्याम्पस कोसी हरैँचा मोरङ समक्ष प्रस्तुत गर्दछु ।

..................................

शोधार्थी

इन्द्रमणि ढुंगाना

सुकुना बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

२०७२/०१/०२

# शोधसार


शोधशीर्षक : कक्षा ८ को ‘हाम्रो नेपाली किताब’ र ‘नेपाली’(परीक्षणका लागि) भित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन

शोधार्थी : इन्द्रमणि ढुंगाना

शोधनिर्देशक : गेहेन्द्र खनाल

क्याम्पस :सुकुना बहुमुखी क्याम्पस, कोसीहरैचा, मोरङ

पृष्ठ सङ्ख्या : ५१

जम्मा परिच्छेद : ६

शैक्षिक वर्ष : ०६८-६९

**शोध प्रक्रिया**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत एम.एड. (नेपा.शि.५९८) पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो । प्रस्तुत शोध अध्ययन कक्षा ८ को ‘हाम्रो नेपाली किताब’ र ‘नेपाली’ (परीक्षणका लागि) भित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन शीर्षकमा गरिएको छ ।

यस शोध अध्ययनको मुख्य उद्देश्य कक्षा ८ को ‘हाम्रो नेपाली’ र ‘नेपाली’ भित्र रहेका नमुना अभ्यासको फरक-फरक कोण बाट विश्लेषण र तुलना गरी उपयुक्त सुझाव दिनु हो । यसका लागि शब्दार्थगत, विधागत, तहगत, सीपगत र व्याकरण पक्षलाई आधार मानी व्याख्या विश्लेषण र तुलना गरिएको छ ।

यस शोधपत्र लाई व्यवस्थित ढंगले सम्पन्न गर्नका लागि यस शीर्षक सँग सम्बन्धित विभिन्न लेख, रचना र साहित्यहरूको व्यापक समीक्षा एवं पुनरावलोकन गरिएको छ । सैद्धान्तिक ढाँचाको रूपमा बिष्णुप्रसाद अधिकारी, र पारसमणि भण्डारी र अन्य द्वारा लेखिएका भाषा शिक्षण र भाषाविज्ञानमा भएका नमुना अभ्यास सम्बन्धी सिद्धान्तलाई प्रस्तुत गरिएको छ । सम्बन्धित साहित्यको पुनरावलोकन अन्तर्गत स्नातकोत्तर अध्ययनको क्रममा नेपाली विषयको नमुना अभ्यास सम्बन्धी गरिएका शोध कार्यहरूका विश्लेषण, निष्कर्ष र सुझावहरूलाई आधार मानिएको छ ।

यस अध्ययन सम्पन्न गर्नका लागि पुस्तकालयीय अनुसन्धान विधिको प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलन र विश्लेषणका लागि संगठन, वर्गीकरण तालिकीकरण, साङ्ख्यिकरण, अर्थापान, प्रतिशताङ्क आदिको प्रयोग गरी वर्णन व्याख्या र विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको लागि हाम्रो नेपाली किताब र नेपालीमा भएका नमुना अभ्यासको छुट्टा छुट्टै विश्लेषण गरी त्यसका आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । दुवै पाठ्यपुस्तकका नमुना अभ्यासहरूलाई एकै ठाउँमा राखी शब्दार्थगत, तहगत, सीपगत र व्याकरणगत अभ्यासहरूको तुलनात्मक निष्कर्ष निकाली सुझाव समेत पेश गरिएको छ ।

प्रस्तुत शोधको हाम्रो नेपाली किताबमा भन्दा नेपाली किताबमा नमुना अभ्यासमा विविधता ल्याउन खोजिएको, नेपालीमा सरल देखि जटिलको क्रम स्तरण गरिएको, दुवै पाठ्यपुस्तकमा बोध प्रयोग र सिर्जना पक्षको सन्तुलन असमान रहेको निष्कर्ष रहेको छ । यस शोधमा भाषिक सीप सँग सम्बन्धित अभ्यास अन्तर्गत सुनाइ भन्दा पढाइ, पढाइ भन्दा बोलाइ, बोलाइ भन्दा लेखाइमा जोड दिएर नमुना अभ्यास संयोजन गरिएको छ । यस शोधको निष्कर्षले नमुना अभ्यासका प्रश्नहरूमा विविधता र पर्याप्तता हुँदै आएको बुझ्न सकिन्छ । साथै यसको निष्कर्षमा दुवै पाठ्यपुस्तकमा विधागत अभ्यास, व्याकरण अभ्यास, शब्दभण्डार, उच्चारण हिज्जे र सिर्जनात्मक अभ्यासलाई छुट्टा छुट्टै रूपमा प्रस्तुत गरिएको कुरा समेत प्रष्ट हुन्छ ।

यस शोधको सुझावमा दुवै पाठ्यपुस्तकमा शब्दभण्डार अन्तर्गत अनेकार्थक शब्द, उखान तुक्का, लाई राम्ररी समेट्न भनिएको छ । यसमा विधा सम्बन्धी अभ्यासहरूलाई सिकारुको रुचि अनुकूल बनाउन प्रयोगात्मक र सिर्जनात्मक प्रकृतिका अभ्यासहरूको मात्रा बढाउँदै सन्तुलन मिलाउन सुझाव प्रस्तुत गरिएको छ । यसमा शुद्ध लेखाइ र पढाइको विकासका लागि लेख्य चिन्ह सम्बन्धी नमुना भ्यासलाई बढाउन सुझाव प्रदान गरिएको छ । यस शोधमा शब्दभण्डारको विकासका लागि शब्दार्थ सम्बन्धी नमुना अभ्यासहरू दिदा कठिन शब्दको अर्थ खोज्न शब्दकोशको प्रयोगमा प्रोत्साहित गर्न समेत सुझाव प्रदान गरिएको छ ।

यस शोधको शैक्षणिक प्रयोजन हाम्रो नेपाली किताब र नेपाली भित्र रहेका नमुना अभ्यासहरूको सबल र दुर्बल पक्ष केलाउँदै लेखक, शिक्षक, शिक्षक निर्देशिका निर्माता र सरोकारवालाहरूलाई त्रुटि निवारण गर्न सहयोग पुऱ्याउनु रहेको छ ।

# विषय सूची

*शोध निर्देशकको सीफारिस पत्र*

*स्वीकृति पत्र*

*कृतज्ञताज्ञापन पत्र*

*विषय सूचि*

*सङ्क्षेपिकृत शब्द सूचि*

| | | |
|---|---|---|
| परिच्छेद : एक | शोध परिचय | पृष्ठ |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३ | शोधको उद्धेश्य | ३ |
| १.४ | अनुसन्धानात्मक प्रश्नहरू | ३ |
| १.५ | अध्ययनको महत्त्व | ४ |
| १.६ | अध्ययनको परिसीमा | ५ |
| परिच्छेद : दुई | साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा | ६–१२ |
| २.१ | साहित्यको पुनरावलोकन | ६ |
| २.१.१ | सैद्धान्तिक साहित्यको पुनरावलोकन | ६ |
| २.१.२ | सम्बन्धित साहित्यको पुनरावलोकन | ७–१० |
| २.२ | पूर्वकार्यको समीक्षाको उपयोगिता | ११–१२ |
| २.३ | अवधारणात्मक ढाँचा | १२ |
| परिच्छेद : तीन | अध्ययन विधि | १३–१४ |
| ३.१ | अध्ययनको क्षेत्र | १३ |
| ३.२ | तथ्याङ्क सङ्कलनका साधन र तरिका | १३ |
| ३.३ | तथ्याङ् सङ्कलन प्रक्रिया | १४ |
| ३.४ | तथ्याङ्क व्याख्या र विष्लेषण प्रक्रिया | १४ |
| परिच्छेद : चार | व्याख्या तथा विश्लेषण | १५–१९ |
| | हाम्रो नेपाली भित्र समाविष्ट नमुना अभ्यासको व्याख्या तथा विश्लेषण | २०–२५ |

४.१ शब्दार्थ व्याख्या तथा विश्लेषण २०

४.२ विधा सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण २१-२२

४.३ भाषिक सीप सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण २३-२४

४.४ व्याकरण पक्षको व्याख्या तथा विश्लेषण २४-२५

नेपाली भित्र समाविष्ट नमुना अभ्यासको व्याख्या तथा विश्लेषण २६-३१

४.५ शब्दार्थ व्याख्या तथा विश्लेषण २६-२७

४.६ विधा सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण २७-२८

४.७ भाषिक सीप सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण २९

४.८ व्याकरण पक्षको व्याख्या तथा विश्लेषण ३०-३१

परिच्छेद : पाँच कक्षा ८ को हाम्रो नेपाली किताब र नेपाली भित्र समाविष्ट नमुना अभ्यासको तुलना ३२-४२

५.१ शब्दार्थको तुलनात्मक अध्ययन ३२-३३

५.२ विधा सम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन ३४-३६

५.३ भाषिक सीप सम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन ३७-३८

५.४ व्याकरण पक्षको तुलना ३९-४२

परिच्छेद : छ निष्कर्ष र सुझावहरू ४३-४८

६.१ निष्कर्ष

६.१.१ 'हाम्रो नेपाली किताब' ४३

६.१.२ नेपाली ४४

६.१.३ तुलनात्मक निष्कर्ष ४५

६.३ सुझाव ४६

६.४ शैक्षणिक प्रयोजन ४७-४८

६.५ भावी अनुसन्धानका शीर्षकहरू ४८

सन्दर्भसूचि

परिशिष्ट 'क' कक्षा ८ को हाम्रो नेपाली र नेपाली विषयको जिल्लास्तरीय परीक्षाको प्रश्नपत्र

परिशिष्ट 'ख' विशिष्टिकरण तालिका २०६१

विशिष्टिकरण तालिका २०६९

# तालिका सूचि


| तालिका नं. | तालिका विवरण | पृष्ठ नं. |
|---|---|---|
| | हाम्रो नेपाली किताब भित्र समाविष्ट नमुना अभ्यासको व्याख्या तथा विश्लेषणः | |
| १ | शब्दार्थको व्याख्या तथा विश्लेषण | २० |
| २ | विधा सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण | २१ |
| ३ | भाषिक सीप सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण | २३ |
| ४ | व्याकरण पक्षको विश्लेषण | २४ |
| | नेपाली भित्र समाविष्ट नमुना अभ्यासको व्याख्या तथा विश्लेषण | |
| ५ | शब्दार्थको व्याख्या तथा विश्लेषण | २६ |
| ६ | विधा सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण | २७ |
| ७ | भाषिक सीप सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण | २९ |
| ८ | व्याकरण पक्षको विश्लेषण | ३० |
| ९ | शब्दार्थको तुलनात्मक अध्ययन | ३२ |
| १० | विधा सम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन | ३४ |
| ११ | भाषिक सीप सम्बन्धी नमुना अभ्यासको तुलनात्मक अध्ययन | ३७ |
| १२ | व्याकरण सम्बन्धी अभ्यासको तुलना | ३९ |

# सङ्क्षेपिकृत शब्दसूची

| क्र.सं. | संक्षिप्त रुप | पूर्ण रुप |
|---|---|---|
| १ | अ.प्र | अप्रकाशित |
| २ | क्र.स | क्रमसङ्ख्या |
| ३ | वि.सं. | विक्रम सम्वत् |
| ४ | पृ | पृष्ठ |
| ५ | सु | सुनाइ |
| ६. | बो | बोलाइ |
| ७ | प | पढाइ |
| ८ | ले | लेखाइ |
| ९ | नेपा.शि. | नेपाली शिक्षा |
| १० | त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाली भाषा विषयले २०२८ सालपछि अनिवार्य पाठ्यांशका रूपमा मान्यता पाएर यहाँसम्म आइपुगेको हो । त्रिभुवन विश्वविद्यालयले २०४२ सालदेखि शिक्षाशास्त्र संकायको स्नातकोत्तर तहमा शोध अध्ययनलाई ऐच्छिक विषयका रूपमा लिन पाउने व्यवस्था गरेपछि भाषिक अनुसन्धानले संस्थागत मान्यता पाएको देखिन्छ ( भण्डारी, ओझा, अर्याल २०६८: पृ १०) । यसरी शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तहको नेपाली शिक्षा विषयको पठनपान सुरु भएपछि सोही शैक्षिक प्रयोजनको लागि भाषा शिक्षण सम्बन्धी अनुसन्धान कार्यको आरम्भ भएको पाइन्छ । नेपाली भाषा शिक्षणका क्षेत्रमा नयाँ नयाँ ज्ञान र धारणाको विकास गराउन यसले सहयोग पुऱ्याइरहेको हुन्छ ।

नेपाली भाषा शिक्षणका क्षेत्रमा गरिने विभिन्न अनुसन्धानका क्षेत्रहरूमध्ये पाठ्यपुस्तक विश्लेषण विधा अन्तर्गत भाषापाठ्यपुस्तकका अन्त्यमा दिइएका नमुना अभ्यासहरूलाई पनि आधार बनाउन सकिन्छ । भाषिक सीप विकासका लागि भाषा पाठ्यपुस्तकमा धेरै कुराहरूको समायोजन हुनुपर्ने हुन्छ । त्यस भित्र पर्ने नमुना अभ्यासहरू भाषिक सीप विकासका दृष्टिले उपयुक्त भए भने मात्र नेपाली भाषा पाठ्यपुस्तक सान्दर्भिक बन्न पुग्दछ । समय र परिस्थिति अनुसार पाठ्यक्रम र पाठ्यपुस्तकहरू परिवर्तन हुँदै आइरहेका छन् । यसै अनुसार विद्यालय तहको निम्नमाध्यामिक तहलाई आधारभूत तह बनाउने लक्षअनुरुप कक्षा ८ सम्मका पाठ्यपुस्तकहरू क्रमबद्ध रुपमा परिवर्तन गराई देशभरी लागु गरिएको छ । कक्षा १-५ र कक्षा ९-१० पाठ्यक्रमबीचको तहगत सङ्गति कायम गर्न आधारभूत तह (कक्षा ६-८) पाठ्यक्रम परिमार्जन गरिएको छ ।

शिक्षा नियमावलीको चौथो संशोधन २०६६/०५/१७ ले कक्षा १-८ लाई आधारभूत तह मानेपछि २०६७/०३/२० को राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को निर्णय अनुसार आधारभूत तह परीक्षणका लागि स्विकृत भएको हो । कक्षा छ, सात र आठका पाठ्यपुस्तकहरू भने देशभर छानिएका १८ जिल्लाका १०० विद्यालयहरूमा परीक्षणको रूपमा लागू गरिएको छ । (आधारभूत शिक्षा पाठ्यक्रम २०६९: पृ i)

यसै आधारमा यस अध्ययनमा कक्षा आठको हाम्रो नेपाली किताब र नेपाली कक्षा आठ ( परीक्षणका लागि) मा रहेका नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गर्ने कार्यलाई यस

शोधको विषयवस्तु बनाइएको छ । हाँसिल भएका सीपहरूलाई स्तरीय बनाउँदै लैजान तथा तिनीहरूको स्थायित्व कायम राख्न पनि अभ्यासकै आवश्यकता पर्ने भएकाले भाषा पाठ्यपुस्तक निर्माण गर्दा अभ्यासको योजना बनाउनु पर्याप्त जरुरी हुन्छ । (भण्डारी, घिमिरे, नेपाल २०६८: पृ २१७) परिवर्तित पाठ्यपुस्तक कति सान्दर्भिक छ ?केकस्ता कमिकमजोरी छन् ? पुरानो र नयाँ पाठ्यपुस्तक बिच के कस्ता अन्तर छन् ? भन्ने कुराको बोध गराई सरोकारवालाहरूलाई मार्गनिर्देशन गर्ने आशा गरी यो प्रतिवेदन तयार पारिएको हो । कक्षा आठको  परिवर्तन भएका पाठ्यपुस्तकमा भएका नमुना अभ्यासहरू पुरानो पाठ्यपुस्तकका भन्दा कति सान्दर्भिक, सीपमूलक र व्यवहारिक छन् ? भन्ने कुरा पत्ता लगाई सरोकारवालाहरूलाई सुझाव समेत प्रदान गर्ने उद्देश्यले यो अनुसन्धान गरिएको हो ।

## १.२. समस्याको कथन

प्रस्तुत शोधपत्रमा 'हाम्रो नेपाली किताब' कक्षा आठ र 'नेपाली' कक्षा आठ मा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गरी समान कक्षाका दुई पाठ्यपुस्तकहरूमा समाविष्ट नमुना अभ्यासहरूमा रहेका समानता र भिन्नतालाई यस अध्ययनमा समस्याको रूपमा ल्याइएको छ । प्रस्तुत शोधपत्रमा  हाम्रो नेपाली किताब र नेपाली कक्षा ८ मा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गरिने छ । विधागत विविधता अनुरुप भाषा प्रयोगका विशिष्ट क्षेत्रहरूमा विद्यार्थीहरूलाई सरिक गराउन मिल्ने गरी अभ्यासहरूको सचेत व्यवस्था मिलाउनु पर्छ (शर्मा, पौडेल २०६०: पृ३६२) । उल्लिखित पाठ्यपुस्तकहरूमा पाठ्यक्रमको उद्देश्य अनुरुप नमुना अभ्यासहरू छन् की छैनन् ? नमुना अभ्यासहरू विद्यार्थीहरूको चाहना, रुचि, क्षमता र स्तरअनुरुप छन् की छैनन् ? भाषिक सीपहरूको समानुपातिक विकासमा नमुना अभ्यासहरूले के कति सहयोग पुऱ्याएका छन् ? विधाको प्रयोजन अनुसार नमुना अभ्यासहरू उपयुक्त छन् या छैनन् ? सीप विकासका निम्ति कमजोर रहेका अभ्यासलाई के कस्तो सुझाव दिन सकिन्छ ?  यस अध्ययनमा हाम्रो नेपाली कक्षा ८ र नेपाली कक्षा ८ मा रहेका समानता र भिन्नता पहिल्याउँदै कमजोरी समेत पहिल्याउनु समस्या  अन्तर्गत लिइएको छ ।

## १.३ शोधका उद्देश्य :

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू रहनेछन् :

(क) विधाहरूको प्रयोजन अनुरुप नमुना अभ्यासहरूको उपयुक्तता पहिल्याउनु,

(ख) भाषिक सीप विकासका दृष्टिले दुवै पाठ्यपुस्तकहरूमा समाविष्ट अभ्यासहरूको तुलनात्मक अध्ययन गरी सबल र दुर्वल पक्षहरू छुट्याउनु,

(ग) समान कक्षाका दुई पुस्तकहरूमा दिइएका नमुना अभ्यासहरू विद्यार्थीको रुचि, क्षमता, स्तर र चाहना अनुरुपको पक्षको पहिचान गर्नु,

(घ) नमुना अभ्यासभित्र व्याकरणलाई कुन रुपमा समावेश गरिएको छ भन्ने कुरा पहिचान गरी तुलना गर्नु,

## १.४ अनुसन्धानात्मक प्रश्नहरू

यस अनुसन्धानमा अनुसन्धानलाई तथ्यपूर्ण र व्यवहारिक बनाउन निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरू रहनेछन् ।

(क) विधाको प्रयोजन अनुसार नमुना अभ्यासहरू उपयुक्त छन् या छैनन् ?

(ख) भाषिक सीपहरूको समानुपातिक विकासमा नमुना अभ्यासहरूले के कति सहयोग पुऱ्याएका छन् ?

(ग) विद्यार्थीको सिर्जनात्मक क्षमताको विकासमा नमुना अभ्यासले के कति मात्रामा जोड दिइएका छन् ?

(घ) व्याकरण पक्षलाई नमुना अभ्यासले उपयुक्त रूपमा समेट्न सकेको छ की छैन ?

## १.५ अध्ययनको महत्त्व

हाम्रो देश नेपालको समग्र विकासक्रम सँगै शिक्षा क्षेत्रमा पनि विकास र परिवर्तनहरू हुँदै आएका छन् । शिक्षा क्षेत्रमा आएको परिवर्तन सँगै देशको आवश्यकता, सिकारुको इच्छा र चाहनालाई ख्याल गर्दै पाठ्यक्रम र पाठ्यपुस्तकहरू पनि परिवर्तन हुँदै गइरहेका छन् । यस अनुरुप कक्षा आठमा पनि परिवर्तित पुस्तकहरू २०७० सालबाट देशका १८ जिल्लाका १०० विद्यालयहरूमा परीक्षणको रुपमा लागु गरिएको छ । यस सन्दर्भमा कक्षा ८ को हाम्रो नेपाली किताब र नेपाली कक्षा ८(परीक्षणका लागि), मा प्रयुक्त नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन अनुसन्धानको क्षेत्रमा नवीन र उपयोगी हुने देखिन्छ ।

यस अध्ययनको महत्त्वलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

(क)हाम्रो नेपाली कक्षा ८ र परिवर्तित परीक्षण पुस्तक नेपाली कक्षा ८ मा राखिएका नमुना अभ्यासहरूको तुलनात्मक अध्ययनले भाषिक कौशल प्राप्त गर्ने तरिकाबारे जानकारी दिनेछ ।

(ख)दुई पाठ्यसामग्रीहरूमा राखिएका नमुना अभ्यासहरूमध्ये कुन चाहि पाठ्यक्रमको मर्म र भावना अनुरुप बढी उपयोगी, सान्दर्भिक र समसमयिक छ भन्ने तथ्य पत्ता लगाउन सहयोग गर्नेछ ।

(ग)भाषा पाठ्यपुस्तकमा भाषिक सीप विकासको लागि के कस्ता नमुना अभ्यास कस्तो क्रममा राख्दा उपयुक्त हुन्छ भन्ने कुरा पत्ता लगाउन सहयोग गर्नेछ ।

(घ)समान कक्षाका फरक समयमा प्रकाशित पाठ्यपुस्तकमा रहेका नमुना अभ्यास बिचको तुलनात्मक अध्ययन भएकोले पाठ्यपुस्तक लेखक र सरोकारवाला व्यक्ति तथा संस्थाका लागि सहयोगी बन्नेछ ।

(ङ)प्रस्तुत शोधबाट पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासमा हटाउनुपर्ने, सुधार गर्नुपर्ने र थप गर्नुपर्ने नमुना अभ्यासका बारेमा जानकारी लिन सहयोग पुग्नेछ ।

(च)तुलनात्मक अध्ययन गरी निष्कर्ष निकालिने भएकाले सबल र दुर्बल पक्षहरू छुट्याउन सहयोग पुग्नेछ ।

(छ)नमुना अभ्यासभित्र समावेश गरिएको व्याकरण पक्षको उपयुक्ता वा कमजोरी पहिल्याई सुधार गर्न सहयोग पुग्नेछ ।

(ज)हाम्रो नेपाली र नेपाली कक्षा ८ मा रहेका नमुना अभ्यासहरूमध्ये कुन पुस्तकमा ज्ञान, बोध, प्रयोग, सृजनात्मकता जस्ता कुरालाई बढी जोड दिएको छ भन्ने कुराको निष्कर्ष पत्ता लगाउन समेत यो अध्ययन महत्त्वपूर्ण रहेको छ ।

(झ)यस अध्ययनले पछि गरिने पाठ्यपुस्तक विश्लेषणसँग सम्बन्धित अन्य अनुसन्धानकर्तालाई सामग्रीको काम गर्नेछ ।

## १.६ अध्ययनको परिसीमा

कुनै पनि अध्ययन अनुसन्धानलाई तथ्यपूर्ण र वस्तुगत बनाउन सीमाङ्कन गर्नु महत्त्वपूर्ण कार्य भएकाले यस अनुसन्धानमा निम्नानुसार सीमाङ्कन गरिएको छ ।

(क)प्रस्तुत अध्ययन कक्षा ८ को हाम्रो नेपाली किताब र परिवर्तित पुस्तक नेपाली कक्षा ८ (परीक्षणका लागि) मा रहेका नमुना अभ्यासहरूमा मात्र सीमित रहनेछ ।

(ख)यस अध्ययनमा नमुना अभ्यासको तुलना गर्दा प्रश्नका प्रकारहरू, भाषिक सीप विकासमा महत्त्व, व्याकरण (भाषात्तव) , ज्ञान, बोध प्रयोग र सिर्जनात्मक तहका प्रश्नहरूको वितरण,  शब्दभण्डार को पर्याप्तता जस्ता विभिन्न पक्षका प्रश्नहरूको तुलनात्मक अध्ययन गरिनेछ ।

(ग)वर्णनात्मक ढाँचामा जोड दिँदै तुलनात्मक अध्ययनको क्रममा पुस्तकालयीय तथा अनुसन्धानात्मक ढाँचाको साहारा लिइनेछ

# परिच्छेद दुईः सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

कुनैपनि विषयमा शोध अध्ययन थाल्नु भन्दा पहिला उक्त विषयसँग सम्बन्धित हुने किसिमका विषयमा हालसम्म भए गरेका पूर्वकार्यहरूको व्यवस्थित अध्ययन र समीक्षा तथा मूल्याङ्कन  गर्नु अपरिहार्य हुन्छ । आफूले शोध गर्ने विषयसँग सम्बन्धित विषयहरूमा अग्रजहरूले गरेका अनुसन्धान कार्यहरूले उक्त विषयमा अध्ययन गर्न सरलता ल्याउनुका साथै सही गोरेटो पहिल्याउन समेत मद्दत गर्छ । भइसकेका कामहरूमध्ये कुन कुन कामहरू गर्न लागिएका शोधकार्यका लागि महत्त्वपूर्ण सूचना बन्न सक्छन् र कुन कुन कामहरूचाहिँ काममा आउँदैनन् तिनको निर्क्यौल पनि गर्नुपर्ने हुनाले यस सन्दर्भमा पूर्वकार्यको समिक्षा भन्नु यथोचित ठानिएको हो (चापागाईं २०६९: पृ२५ )। नेपाली भाषापाठ्यपुस्तकमा समावेश गरिने नमुना अभ्यासहरूको तुलना र विश्लेषणका सन्दर्भमा विभिन्न समयमा फरक फरक तह र कक्षामा भएका अध्ययन अनुसन्धानहरूको समीक्षा गर्नु यस अध्ययनलाई सहयोग पुऱ्याउने महत्त्वपूर्ण उपाय हो । यी कुराहरूलाई मध्यनजर राख्दै यस शोध कार्यको सिलसिलामा सम्बन्धित विषयमा भएका उपलब्ध पूर्वकार्यहरूको समीक्षा निम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.१ साहित्यको पुनरावलोकन

### २.१.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

अधिकारी(२०५९) द्वारा लेखिएको नेपाली भाषा शिक्षण भन्ने पुस्तकमा भाषा पाठ्यपुस्तकका विशेषताहरू उल्लेख गर्दै भाषिक अभ्यासलाई विशेष जोड दिनुपर्ने कुरा प्रस्ट पारिएको छ । नमुना अभ्यासहरू उपयुक्त मात्रामा समायोजन हुनुपर्ने, अभ्यासमा विविधता हुनुपर्ने, स्पष्ट हुनुपर्ने र भाषिक कार्यकलापलाई समेत निर्देश गर्नसक्ने हुनु पर्ने कुरा उल्लेख छ । यसमा नमुना अभ्यासमा दिने भाषातत्त्व र व्याकरणगत अभ्यासहरू सैद्धान्तिक भन्दा प्रयोगपरक हुनुलाई भाषा पाठ्यपुस्तकको विशेषता मानिएको छ ।

नमुना अभ्यासको प्रयोगको अवस्था र महत्तव स्पष्ट पार्दै भण्डारी र अन्य( २०६८पृ२०८) उल्लेख गर्छन्, भाषिक सीपहरू अभ्यासद्वारा मात्र प्राप्त गर्न सकिन्छ । भाषिक सीपको प्राप्तिका लागि विषयगत र विधागत प्रकृतिअनुसार अभ्यासहरूको योजना

गर्नु जरुरी हुन्छ । जसका लागि विविध अभ्यासहरूको  संयोजन गरिनुपर्दछ । उनिहरू भाषापाठ्यपुस्तकमा रहेका नमुना अभ्यासमा कमजोरी रहेको कुरा उल्लेख गर्दछन् । विद्यालय तहका सुरुसुरुका पाठ्यपुस्तकमा अभ्यासको विविधतामा कमि रहेको, सीप सन्तुलन र विविध पक्षका प्रतिनिधि अभ्यासका दृष्टिले सीमित रहेका, पाठगत प्रयोजनलाई ख्याल नगरिएको र नमुना अभ्यासले विषयवस्तुको वर्णन र व्याख्यामा जोड दिएको कुरा उल्लेख गर्दै २०५५ पछि यसमा सुधार आएको बताएका छन् । पछिल्ला संस्करणहरूमा भने अभ्यासमा विविधता ल्याउन खोजिएको र लिखित, मौखिक र प्रयोगात्मक तिनै प्रकारका अध्यासको सन्तुलन मिलाउन खोजिएको कुरा स्पष्ट पारिएको छ ।

### २.१.२ सम्बन्धित साहित्यको पुनरावलोकन

पौडेल (२०५५) द्वारा जिल्लास्तरीय परीक्षा २०५१ मा समावेश गरिएका कक्षा आठका नेपाली भाषाका प्रश्नहरूको विश्लेषण शीर्षकमा गरिएको शोध अध्ययनलाई पनि यस क्षेत्रसँग सम्बन्धित उल्लेख्य अध्ययनको रुपमा लिन सकिन्छ । यस अध्ययनले प्रश्नपत्रमा भएका त्रुटिहरू पहिल्याई प्रश्नपत्र पाठ्यक्रम अनुरुप हुनुपर्ने, भाषिक विकासका पक्षहरूको संयोजन मिल्नुपर्ने, सन्तुलित हुनुपर्ने जस्ता कुराको निचोड निकालिएको छ । यस अध्ययनले प्रश्नपत्र निर्माणमा ध्यानदिनुपर्ने कुराहरू, प्रश्नपत्र त्रुटिरहित हुनुपर्ने कारण पहिल्याई सुधारका लागि सुझाव प्रस्तुत गरेको छ.। सबै प्रश्नपत्र निर्माणकर्तालाई यसले प्रश्नपत्र निर्माणको लागि मार्ग प्रदान गर्दछ ।

दाहाल (२०५५) द्वारा निम्नमाध्यामिक तहको नेपाली भाषापाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास एक अध्ययन  शीर्षकमा भएको शोध कार्यमा नि.मा. तहको नमुना अभ्यास व्यवहारिक नभएको, व्याकरणिक अभ्यासको श्रृङ्खला टुटेको, व्याकरण सम्बन्धी अभ्यासहरू पर्याप्त नभएको, केही अभ्यासहरू विद्यार्थीको क्षमता भन्दा उच्च रहेको, छनोट र स्तरणको ख्याल नभएको निष्कर्ष निकालिएको छ । यस अध्ययनमा भाषा विषयका नमुना अभ्यासहरू भाषिक सीप विकासका लागि उपयुक्त हुनुपर्ने, विद्यार्थीको स्तर र क्षमतालाई ध्यान दिइनुपर्ने कुराको सुझाव प्रस्तुत गरिएको छ । यस शोध कार्यले नेपाली भाषा पाठ्यपुस्तकमा स्तरीय नमुना अभ्यास छनोट र निर्माण गर्न प्रेरणा प्रदान गर्दछ ।

ठकुरी (२०६१) द्वारा हाम्रो नेपाली किताब कक्षा ६ र सजिलो नेपाली माला कक्षा ६ नमुना अभ्यासको तुलनात्मक अध्ययन गरेको पाइन्छ । यस शोधले भाषा पाठ्यपुस्तकमा नमुना अभ्यास उपयुक्त हुनुपर्ने कुरा उल्लेख गरेको छ । यस अध्ययनले नमुना अभ्यासमा हुने त्रुटि केलाइ त्रुटि सुधारका लागि प्रेरणा प्रदान गरेको छ । नमुना अभ्यासहरू भाषिक सीप विकासको लागि महत्त्वपूर्ण हुने भएकाले विविधतापुर्ण हुनुपर्ने र सबैप्रकारका अभ्यासहरू समावेश हुनुपर्ने कुराको सुझाव प्राप्त हुन्छ ।

गौतम (२०६२ ) द्वारा कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरुपताको अध्ययन, शीर्षकमा गरिएको शोधको निष्कर्षमा अभ्यासहरू विधागत क्षेत्र र क्रमअनुसार रहेका, उद्देश्यका विभिन्न तहलाई नमुना अभ्यासमा समेट्न खोजिएको, शब्दभण्डारका अभ्यासलाई आगमनात्मक विधिबाट सिकाइने प्रयास गरिएको कुरा पाइन्छ भने अभ्यासमा निर्देशनको अभाव रहेको कुरा उल्लेख गर्दै सुझाव प्रस्तुत गरिएको छ ।

पाण्डेय (२०६२) द्वारा कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठयक्रमअनुरुपताको अध्ययन, शीर्षकमा गरिएको शोध कार्यले नमुना अभ्यासलाई विविधिकरण गरिएको उत्साहपूर्वक अभ्यास र क्रियाकलापमा अग्रसर हुन सहयोग गरेको कुरा निष्कर्ष निकालेको छ । कतिपय ठाउँमा असान्दर्भिक रुपले अभ्यास राखिएको, व्याकरण र शब्दभण्डारका अभ्यासको प्रस्तुतिलाई क्रमबद्ध र उपयुक्त स्तरणमा प्रस्तुत गर्न सुझाव प्रस्तुत गरेको छ । यस अध्ययनले अभ्यासमा स्पष्ट निर्देशन दिनुपर्ने र क्रियाकलापमुखी बनाउनु पर्ने कुरालाई जोड दिएको छ ।

अधिकारी (२०६५)द्वारा प्राथमिक तह कक्षा तीनको मेरो नेपाली किताब २०६३ मा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययनले विधा अनुरुप अभ्यासहरू नभएको सबै भाषिक सीप विकासमा नमुना अभ्यासहरू समानुपातिक र सुहाउँदा नभएका, नमुना अभ्यासहरू सरलबाट जटिलको क्रम नमिलाइएको कुराको निचोड यसमा पाउन सकिन्छ । यसमा व्याकरणगत अभ्यासहरू पाठ्यक्रमले तोकेअनुरुप नभएको कुरा समेत उल्लेख गरी सुधारका लागि सुझाव प्रस्तुत गरिएको छ ।

ढुंगाना (२०६७) ले कक्षा ६ को हाम्रो नेपाली किताब रसिलो नेपालीमा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन विषयमा शोधकार्य भएको छ । यस शोधले

नेपाली भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासको वितरण सन्तुलित रुपमा नभएको,अभ्यासको तालमेल नमिलेको, सीप विकासमा उपयुक्त हुन नसकेको निचोड निकालेको छ । यसमा व्याकरणात्मक अभ्यासका लागि प्रयोगात्मक अभ्यासका साथै बोधगत र सिर्जनात्मक अभ्यासलाई समेत महत्त्व दिनुपर्ने कुरा उल्लेख छ । पाठ्यक्रम र पाठ्यपुस्तक परिवर्तनशील कुरा भएकाले समय सापेक्ष नमुना अभ्यासहरू परिवर्तन हुनुपर्ने कुरालाई जोड दिइएको छ ।

गेलाल(२०६८) कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको अध्ययन, शीर्षकमा गरिएको शोध कार्यले कतिपय नमुना अभ्यासमा शिक्षक र विद्यार्थीका लागि स्पष्ट निर्देशन नदिइएकाले अन्यौल रहेको कुरा उल्लेख गरेको छ । औसत रुपमा स्तरीय नै देखिएपनि समूहगत कार्यकलपमा अभ्यासहरू न्यून देखिएको र विधागत सन्तुलन मिलेपनि प्रयोगात्मक प्रश्न न्यून भएको कमजोरी पहिल्याएको छ, सीपगत आधारलाई ख्याल गर्न नसकेको र अभ्यासको संयोजनमा कमजोरी रहेको निष्कर्ष रहेको छ ।

खतिवडा (२०६९) द्वारा भाषिक सीप विकासका दृष्टिले कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन शीर्षकमा गरिएको शोध पनि यस विषयवस्तुको अध्ययनको लागि सहयोगी देखिन्छ । यस शोधले नमुना अभ्यास छनोट र स्तरणका लागि महत्त्वपूर्ण भूमिका खेल्दछ । यसले पाठ्यपुस्तकको स्पष्ट अवधारणाका साथ भाषा शिक्षण गर्नुपर्ने, कक्षा शिक्षणलाई क्रियाकलापमुखी बनाउन नमुना अभ्यास छनोट पक्षलाई ध्यान दिनुपर्ने कुरालाई जोड दिइएको छ । पाठ्यपुस्तकमा नमुना अभ्यासको संयोजन उपयुक्त नभएकोले वौद्धिक स्तर, रुचि र क्षमतालाई ख्याल गरिनु पर्ने कुरा प्रस्तुत गरिएको छ । यस अध्ययनले भाषिक सीप विकासमा केन्द्रिकृत रहन, मौखिक अभिव्यक्तिगत अभ्यासहरू थप गर्न, अभ्यासमा स्पष्ट निर्देशन दिन, अभ्यासलाई क्रियाकलापमूखी बनाउन र वैयक्तिक रुचिको क्षेत्रलाई समेट्न सुझाव प्रस्तुत गरेको छ । नमुना अभ्यासको रखाइक्रम, निर्देशन, जटिलता, सिर्जनात्मकताको अभाव जस्ता कुराले भाषिक सीप विकास कार्यमा बाधा सिर्जना गर्नेभएकाले यी कुराहरूको समाधानमा लाग्न यस अध्ययनले बल पुऱ्याएको छ ।

काफ्ले (२०६९) द्वारा भएको कक्षा पाँचको मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन पनि यस अध्ययनसँग सम्बन्धित र सहयोगी अवश्य देखिन्छ । उनले गरेको यस अध्ययनमा नमुना अभ्यासमा भाषिक सीपलाई सन्तुलित

बनाउन नसकेको, विधाअनुसार अभ्यासहरू मिल्दो नभएको र बोलाइ सीप विकासका कार्यकलापहरू कम भएकाले भाषिक सीपलाई सन्तुलित बनाउनुपर्ने, अभ्यासहरू विधा अनुरुप मिलाएर राखिनुपर्ने, बोलाइ सीप विकासका कार्यकलापहरू कुराकानी, संवाद, चित्रवर्णन, घटना वर्णन, अभिनय, नाटकीकरण जस्ता कुराहरूलाई समावेश गर्न सुझाव प्रस्तुत गरिएको छ । यस अध्ययनमा सिर्जनात्मक प्रश्नहरूको अभ्यासको कमी भएकोले विधा अनुरुप सिर्जनात्मक अभ्यासहरू समावेश गर्नुपर्ने निचोड निकालिएको छ । यसमा नमुना अभ्यासमा आवश्यक पर्ने गुणहरूको चर्चा भएको छ ।

पराजुली (२०६९) कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'रसिलो नेपाली' भित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन, शीर्षकमा गरिएको शोधमा नमुना अभ्यासलाई सरल देखि जटिलको क्रममा स्तरण गर्नु आवश्यक रहेको निष्कर्ष छ । यस शोधमा विधाको मर्म अनुसारका अभ्यासलाई हरेक विधाको पछाडि समावेश गर्न सुझाव दिइएकोछ । यस अध्ययनमा अभ्यासमा विविधता रहेको कुरालाई सकारात्मक मानिएको छ ।

माथि उल्लेख गरिएका नमुना अभ्यासको तुलनात्मक अध्ययनसँग सम्बन्धित शोध र अन्य अध्ययनहरूबाट नमुना अभ्याससँग सम्बन्धित अध्ययनहरू थोरबहुत हुदैगरेको यथार्थ बुझ्न सकिन्छ । सबै अनुसन्धान कर्ताहरूले एउटै र मिल्दाजुल्दा विषयमा फरक फरक कोणबाट अध्ययन अनुसन्धान गर्ने कार्य भने गरेकै छन् । नमुना अभ्याहरूको तुलनात्मक अध्ययन सम्बन्धी कार्यले पाठ्यक्रम र पाठ्यपुस्तकको परिस्कार र परिमार्जन कार्य गर्न समेत महत्वपूर्ण योगदान पुऱ्याउने कुरा बुझ्न सकिन्छ । नमुना अभ्यास सम्बन्धी यी विभिन्न प्रकारका अनुसन्धानहरू भए पनि पर्याप्त र पूर्ण भने हुन सकेको देखिदैन । अनुसन्धानबाट खारिएर आएका परिमार्जित भाषा पाठ्यपुस्तकका नमुना अभ्यासहरू त्रुटिरहित भएमा मात्र सबल पाठ्यपुस्तक बन्न सक्छ । यस शोध कार्यमा हालसम्म भएको अध्ययन अनुसन्धानलाई अझ विस्तृत पार्दै हाम्रो नेपाली कक्षा ८ र परिवर्तित नेपाली कक्षा ८ (परीक्षणका लागि) का नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गर्ने कार्य गरिने छ । यस कार्यले पाठ्यपुस्तक लेखक अनुसन्धानकर्ता र सरोकारवाला व्यक्ति वा संस्थाहरूलाई सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

## २.२ पूर्वकार्यको समीक्षाको उपयोगिता

कुनै पनि अध्ययन गर्नु भन्दा पहिले त्यस अध्ययनसँग सम्बन्धित र सहयोगी हुने किसिमका पूर्व कार्यहरूको समीक्षा गर्नु आवश्यक हुन्छ । आफूले अध्ययन गर्न लागेको विषयसँग सम्बन्धित सन्दर्भग्रन्थहरू, शोध कार्यहरू र अन्य सामग्रीको समीक्षा गर्दा आफ्नो अध्ययनलाई सरल रुपमा अघि बढाउन र के कति काम बाँकी छन् ? के कति भइसकेका छन् ? भन्ने कुरा थाहा पाउन सकिन्छ ।

"पूर्वकार्यको समीक्षामा पूर्व कार्य गर्ने व्यक्तिले आफूले चयन गरेको शोधशीर्षक सँग सम्बन्धित विषयमा कुन प्रयोजनले कुन पद्धति वा विधि अपनाएर के कति काम गरेको छ ? उक्त कार्य आफ्नो शोध कार्यको प्रयोजन र प्रकृति सँग के कति मिल्दो छ ? त्यस विषयमा गर्न बाँकी चुनौतिका कामहरू के के छन् ? त्यस क्षेत्रमा अब कुन कुन प्रश्न र चुनौतिहरू विद्यमान छन् ? भन्ने कुरा निर्क्यौल गर्न सकिन्छ ।" (भण्डारी र अन्य २०६८,पृ १२०) । पूर्वकार्यको समीक्षाले आफ्नो अध्ययन अनुसन्धानलाई तथ्यपूर्ण बनाउनुका साथै त्रुटिविहिन र आलोचनारहित बनाउन सहयोग पुऱ्याउँछ । "पूर्वकार्यको समीक्षाले शोधार्थीलाई समस्याको विशिष्टिकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, अवधारणा परिभाषीकरण गर्न, प्राक्कल्पना निर्माण गर्न, पुनरावृत्तिका सम्भावनालाई हटाउन, सम्भावित त्रुटिहरूबाट जोगिन, चुरो कुरो पत्ता लगाउन, समस्याको औचित्य स्थापित गर्न, विश्लेषणको आधार खोज्न र शोधको आवश्यकता बोध गराउन सहयोग पुऱ्याउँछ" (शर्मा र लुइँटेल २०५२, पृ२८ ) ।

नमुना अभ्याससँग सम्बन्धित विभिन्न कक्षा र तहका पाठ्यपुस्तकमा रहेका तुलना, विश्लेषण र सैद्धान्तिक पक्षहरूमा भएका पूर्वकार्यको समीक्षा गरिएको छ । पाठ्यपुस्तक विश्लेषण अन्तर्गत पर्ने नमुना अभ्यास सम्बन्धी अनुसन्धान गर्ने यस भन्दा अघिका अनुसन्धानकर्ताले कक्षा ८ को नेपाली पाठ्यपुस्कका नमुना अभ्यास सँग सम्बन्धित कार्य त्यति धेरै गरेको पाइएन त्यसैले यस अनुसन्धानलाई अगाडि बढाउन पूर्वकार्यका समीक्षाले सहयोग पुऱ्याएकोछ । यी पूर्वकार्यहरूले यो अध्ययन गर्नकालागि बाँकी कामहरू र अगाडि भएका कामहरूको जानकारी सहज रुपमा प्राप्त भएको छ । कक्षा ६, ७, ८, ९ र १० का फरक फरक समयममा गरिएका नमुना अभ्यास सम्बन्धी अनुसन्धानहरूका सन्दर्भमा गरिएका पूर्वकार्यको समीक्षाले यस अनुसन्धानलाई अगाडि बढाउने बाटो निर्माण

गर्दछ। नमुना अभ्यासका सन्दर्भमा यसअघि भएका कामहरू कुन प्रक्रियामा भए ?ती कार्यहरू गर्दा कुन कुन सामग्री र विधिको प्रयोग भयो भन्ने कुरा थाहा पाइनुका साथै अब कुन प्रक्रिया, विधि र सामग्री प्रयोग गरे अझ प्रभावकारी ढंगले आफ्नो अनुसन्धान गर्न सकिन्छ भन्ने कुराको मार्ग निर्देशन माथि गरिएका पूर्वकार्यको समीक्षाले गर्दछ।

कक्षा ८ मा हाल सम्म हाम्रो नेपाली किताब को अध्ययन विश्लेषण भएको तर परिवर्तित पुस्तकका कुनै पक्षको विश्लेषण र तुलना नभएको तथ्य पत्ता लगाई बाँकी काममा अगाडि बढ्ने मार्ग निर्देश पूवकार्यहरूको समीक्षाले गरेको छ। यसरी विविध महत्त्व बोकेको हुनाले शोधकार्यमा पूर्वकार्यको समीक्षा गर्नु अनिवार्य कार्य हो। पूर्वकार्यको समीक्षा गरेर अघि बढेमा मात्र आफ्नो अध्ययनलाई वस्तुगत , सत्य र तथ्यपूर्ण बनाउन सहयोग पुग्छ। यस अध्ययनमा पनि अगाडि विविध विषयमा भएका पूर्वकार्यको समीक्षाले नमुना अभ्यासको तुलनात्मक अध्ययनलाई प्रभावकारी र व्यवस्थित बनाउन सहयोग पुऱ्याएको छ।

## २.३ अवधारणात्मक ढाँचा

यस अध्ययनको अवधारणात्मक ढाँचा यसप्रकार रहेको छ।

(१) नेपाली भाषा पाठ्यपुस्तक -कक्षा ८ को हाम्रो नेपाली किताब र नेपाली)

(२) विधाहरू → नमुना अभ्यास

(३) तथ्याङ्क सङ्कलन / विश्लेषण

(४) वर्गीकरण (साङ्ख्यिकरण / तालिकीकण / प्रतिशताङ्क)

(५) तुलना

(६) निष्कर्ष

(७) सुझाव

# परिच्छेद तीन : अध्ययन विधि

अनुसन्धानमा विधि नभई नहुने कुरा हो । निश्चित विधिको आधारमा मात्र अनुसन्धानलाई पूर्ण बनाउन सकिन्छ । "अनुसन्धानका लागि आवश्यक सामग्रीहरूको स्रोत, सामग्रीको सङ्कलन र त्यसको परीक्षण एवं सत्यापान सम्मको समग्र प्रक्रियालाई शोधविधि भनिन्छ" (भण्डारी र अन्य, २०६८, पृ १२३) । अनुसन्धानमा विभिन्न चरणहरू रहेका हुन्छन् । नमुना छनोट, तथ्याङ्क सङ्कलन, तथ्याङ्क विश्लेषण आदि प्रक्रियाद्वारा अनुसन्धानलाई सफल बनाउन सकिन्छ । यसमा प्रमुख रुपमा पुस्तकालयीय अध्ययन लाई प्रमुख रुपमा जोड दिइएको छ । यो तुलनात्मक अध्ययन वर्णनात्मक ढाँचामा आधारित भएकाले यस प्रकारको प्रक्रिया अपनाइन्छ ।

यी कार्यहरू पुरा गर्न सङ्गठन, वर्गीकरण, तालिकीकरण, प्रतिशताङ्क, अर्थापान, वर्णन, व्याख्या, विश्लेषण आदि प्रक्रिया द्वारा प्रतिवेदनको ढाँचामा पुगिएको छ ।

## ३.१ अध्ययनको क्षेत्र

यस शोधमा पाठ्यपुस्तक विश्लेषण विधाअन्तर्गत रहेर अनुसन्धान कार्य गरिनेछ । पाठ्यपुस्तक भित्र पर्ने नमुना अभ्यासलाई विषयवस्तु बनाएर अनुसन्धान गरिनेछ । नमुना अभ्यासलाई सीप, तह, व्याकरण र शब्दभण्डार आदि विषयवस्तुको क्षेत्रका आधारमा तुलना र विश्लेषण गरिनेछ ।  यसमा कक्षा आठको हाम्रो नेपाली किताब र नेपाली कक्षा ८ (परीक्षणका लागि) मा रहेका नमुना अभ्यासहरुको फरक-फरक पक्षबाट तुलना र विश्लेषण गरिनेछ ।

## ३.२ तथ्याङ्क सङ्कलनका साधन र तरिका

यस अध्ययनमा छनोट गरिएका विषयवस्तु भित्र रहेर भाषिक सीप, तह, व्याकरण, शब्दभण्डार जस्ता पक्षहरूको विश्लेषण र तुलनाको लागि वर्णनात्मक ढाँचाको प्रयोग गरी पुस्तकालयीय विधिबाट अनुसन्धान गरिनेछ । साङ्ख्यिकरण, तालिकीकरण र प्रतिशताङ्कको प्रयोग गरी तुलना र विश्लेषण गरिनेछ ।

## ३.३ तथ्याङ्क सङ्कलन प्रक्रिया

अनुसन्धानात्मक विषयवस्तुहरूको गहन अध्ययन गरी त्यसका लागि आवश्यक तथ्याङ्क सङ्कलन पुस्तकालयीय अध्ययन र विज्ञहरूसँगको परामर्शबाट गरिनेछ। पाठ्यपुस्तकको गहन अध्ययन गरी विभिन्न सन्दर्भ सामग्रीको सहायताले नमुना अभ्यासहरूको वर्गीकरण सहितको तथ्याङ्क सङ्कलन गरिनेछ।

## ३.४ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया

यो अध्ययन गुणात्मक र परिमाणात्मक भएकाले तालिका र प्रतिशताङ्क प्रयोग गरी विश्लेषण गरिएको छ। सङ्ख्या र प्रतिशताङ्क प्रयोग गरी वर्णनात्मक र व्याख्यात्मक विधिको माध्यमबाट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गरिनेछ। पाठ्यपुस्तकमा भएका नमुना अभ्यासहरूको फरक फरक ज्ञान र सीपका दृष्टिले सङ्ख्यात्मक डाटा सङ्कलन गरेपछि त्यसलाई तालिकीकरण र प्रतिशतको माध्यमबाट विश्लेषण र तुलना गरिनेछ।

# परिच्छेद चार : व्याख्या तथा विश्लेषण

निम्न माध्यमिक तहको कक्षा ८ मा नेपाली शिक्षण गर्नुको उद्देश्य विद्यार्थीमा बोध र अभिव्यक्ति क्षमाताको विकास गराउनु हो । यसका लागि पर्याप्त अभ्यासको आवश्यकता पर्दछ । यस शोध अध्ययनमा कक्षा ८ को नेपाली पाठ्यपुस्तक भित्र समावेश गरिएका नमुना अभ्यासहरूको विविधता र उपयुक्ततालाई आधार मानी व्याख्या तथा विश्लेषण गरिएको छ ।

नमुना अभ्यासको तुलनाको लागि हाम्रो नेपाली किताब र नेपाली कक्षा ८ को छुट्टाछुट्टै विश्लेषण गरि तुलना गरिएको छ । सर्वप्रथम पाठका अन्त्यमा दिइएका शब्दार्थहरूको शब्दका प्रकारका आधारमा विश्लेषण गरिएको छ । यसमा शब्दका प्रकारहरू पर्यायवाची, पारिभाषिक, प्राविधिक, अनेकार्थक, अनुकरणात्मक आदि आधारमा वर्गीकरण गरिएको छ ।

जस्तैः पर्यायवाची शब्द :- नतिजा -फल, परिणाम (नेपाली कक्षा ८ पृ ६)

पारिभाषिक शब्दः- ग्रन्थचित्र-ग्रन्थ वा शास्त्रको कथामा आधारित चित्र

( ऐजनः पृ२४)

प्राविधिक शब्द :- अनलाइन- इन्टरनेटमा रही सुचना आदान प्रदान गर्न सक्ने

(ऐजनः पृ११३)

अनेकार्थक शब्द :- पत्र- पाना (ऐजनः पृ १)

टुक्का :- ग्याखरयाख पार्नु - हकार्नु वा झपार्नु (हाम्रो नेपाली कक्षा ८ पृ१७)

नमुना अभ्यासकै विश्लेषणका क्रममा अन्य अभ्यासहरूलाई विधागत विषयवस्तुसँग सम्बन्धित अभ्यास, भाषिक सीपसँग सम्बन्धित अभ्यास, व्याकरणसँग सम्बन्धित अभ्यास र शब्दभण्डार सँग सम्बन्धित अभ्यासको छुट्टा छुट्टै शीर्षक एवं उपशीर्षक कायम गरिएको छ ।

विधागत विषयवस्तुमा आधारित अभ्यासहरूको विश्लेषण गर्दा प्रश्नहरूको तहमा बोध, प्रयोग, उच्च दक्षता जस्ता तहहरूलाई आधार मानिएको छ । पाठलाई ध्यानपूर्वक पढेर बुझेर सोधिएका प्रश्नको जवाफ दिन सकिने किसिमका अभ्यासहरूलाई बोधसँग

सम्बन्धित अभ्यासको रुपमा लिइएको छ । यस क्रियाकलापबाट पढ्ने र बोध गर्ने क्षमताको विकास गराउन सकिन्छ ।

जस्तैः मनु कस्तो स्वभावको बालक थियो ? (हाम्रो नेपाली कक्षा ८ पृ३९

कम्प्युटरलाई किन मानव मस्तिष्कसँग तुलना गर्न सकिन्छ ?

(ऐजनः पृ११५)

प्रयोगात्मक प्रश्नहरूका आधारमा पनि अभ्यासलाई विश्लेषण गरिएको छ । कतिपय प्रश्नहरू विषयगत नभई वस्तुगत प्रकारका पनि हुन्छन् । जोडा मिलाउने, ठीक बेठीक, वाक्यमा प्रयोग, खालिठाउँ भर्ने र बहुबैकल्पिक आदि प्रकारका प्रश्नहरूलाई विद्यार्थीहरूले प्रयोगात्मक तवरबाट समाधान गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूमा खोजेर लेख्ने बानीको विकास हुनुका साथै धारणा बसाल्न पनि सहयोग पुऱ्याउँछ ।

जस्तै : जोडा मिलाऊ :

| | |
|---|---|
| रवीन्द्रनाथको जन्म | सन् १८८३ |
| मृणालिनीदेविसँग विवाह | जोडासाँकु |
| शान्ति निकेतन | सन् १९०२ |
| मृणालिनीदेविको मृत्यु | गोरा |
| नेबेल पुरस्कार प्राप्ति | विद्यालय |
| रवीन्द्रनाथको देहत्याग | सन् १९४१ |
| | सन् १९१३ |

(नेपाली कक्षा ८ पृ.१००)

वाक्यमा प्रयोग गर :

सुखद, विद्रोह, आकाङ्क्षा, खुब, आकर्षक, अवहेलना, सम्पादक

(हाम्रो नेपाली पृ.११)

ठीक उत्तरमा ठीक चिन्ह लगाऊ :

(क) धौम्यले उपमन्युलाई कुन काममा लगाए ?

(अ) पाठ पढ्न (आ) भिक्षा माग्न

(इ) गाईको हेरचाह गर्न (ई) आश्रम सफा गर्न

(ख) उपमन्युले सिउँडीको पात किन चपाए ?

(अ) मुख फेर्न (ख) तागत बढाउन

(इ) रोग निको पार्न (ई) भोक टार्न

(हाम्रो नेपाली पृ. ५३)

विधागत विषयवस्तुमा आधारित अभ्यासमा उच्च दक्षता रहेका प्रश्नहरू पनि समाविष्ट छन् । ती उच्च दक्षतायुक्त प्रश्नहरूको अभ्यासले विद्यार्थीहरूको सिर्जनात्मक क्षमताको विकास गराउन सकिन्छ । यसबाट स्वतन्त्र लेखन क्षमताको विकास समेत हुन्छ ।

जस्तै : आन्तरिक कलहले वास्तवमा कसैलाई फाइदा छैन भन्ने आशयको एउटा लेख तयार पारी शिक्षकलाई देखाऊ । (हाम्रो नपाली पृ.९१)

-आफ्नो जन्मस्थानलाई आधार मानेर कविता रचना गर र शिक्षकलाई देखाऊ ।

(ऐजनः पृ.९५)

भाषिक सीप सँग सम्बन्धित अभ्यासको विश्लेषण गर्दा भाषाका चारवटा सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई आधार मानेर वर्गीकरणको आधार मानिएको छ ।

सुनाइ सीपसँग सम्बन्धित अभ्यास :

पाठको अन्तिम अनुच्छेद शिक्षकबाट सुन । (नेपाली पृ. ८०)

मनु कथाले लैङ्गिक समानताको वकालत कसरी गरेको छ ? छलफल गर ।

(हाम्रो नेपाली पृ.३९)

पढाइ सीपसँग सम्बन्धित अभ्यास :

'ठग समातियो' कथा कक्षामा पालैपालो पढ । (नेपाली पृ१०८)

व्याकरण पक्षको विश्लेषण गर्दा भने अभ्यासमा दिइएका प्रश्नहरूलाई परिचयात्मक, धारणात्मक, पहिचानात्मक र प्रयोगात्मक गरी चार भागमा विभाजन गरिएको छ । अभ्यासमा रहेका व्याकरणिक प्रश्नहरूको उत्तर दिँदा चिनारी वा परिचय मात्र दिए पुग्ने किसिमका प्रश्नहरूलाई पहिचानात्मक अन्तर्गत राखिएको छ । यी प्रश्नहरू पनि आगमनात्मक र निगमनात्मक किसिमका रहेका छन् ।

धारणात्कमक किसिमको व्याकरण पक्षको विश्लेषण गर्दा आफ्नो धारणा वा ज्ञानको प्रयोग गरी समस्या समाधान गरिन्छ । यसमा पूर्व धारणा वा बौद्धिक क्षमताको प्रदर्शन गरिन्छ ।

जस्तैः (१) तलका वाक्यहरू करण भए अकरण र अकरण भए करण बनाऊ :

(क) मानिस बुद्धिले बाँच्छ ।

(ख) मानिसले प्रकृतिलाई बिगारेको छ ।

(ग) मानिसले वातावरणको सुरक्षा गर्नुपर्छ ।

(नेपाली पृ ६९)

(२) तलका कर्तृवाच्यका वाक्यहरूलाई कर्म वा भाव वाच्यमा परिवर्तन गर :

(क) मैले यसलाई बोलाएँ ।

(ख) हामी सबै जना मावल गयौँ ।

(ग) उनीहरू पोखरा पुगे ।

(हाम्रो नेपाली पृ ७३)

त्यस्तै प्रयोगात्मक अन्तर्गत विद्यार्थी आँफैलाई व्याकरणिक नियम एवम् अभ्यासहरूलाई प्रयोग गरेर देखाउन भनिएका प्रश्नहरू समावेश गरिएका छन् । प्रयोग तहका प्रश्नहरू अन्तर्गत खाली ठाउँ भर्ने, वाक्यमा प्रयोग गर्ने, जोडा मिलाउने खोजी गर्ने जस्ता प्रकारका प्रश्नहरू परेका छन् ।

जस्तै

१. जोडा मिलाऊ :

| | |
|---|---|
| आदर रहित | तिमी, यी, ती, यिनी, तिनी, उनी |
| मध्यम आदर | तँ,यो, त्यो, उ |
| औपचारिक आदर | उहाँ, यहाँ |
| उच्च आदर | तपाइँ |
| विशेष आदर | आफू |
| उच्चतम आदर | हजुर |

(हाम्रो नेपाली किताब पृ७९)

२. तल दिइएका शब्दहरूलाई ताकिमा मिलाई भर :

खराब, धेरै, ठूलो, जाँगरिलो, टर्रो, पिरो, छोटो, ती, जेठो, तृतीय, पाँच

| कस्तो | कत्रो | कति | कुन |
|---|---|---|---|
| खराब<br>........... | अजङ्ग<br>........... | पाँच<br>............. | ती<br>.............. |

पहिचानात्मक व्याकरणिक अभ्यास अन्तर्गत पहिचान गरेर खोज्ने र चिन्ने खालका अभ्यासहरू रहेका छन् ।

जस्तै : माथिको उदाहरण हेरी पाठबाट पदयोग र पद वियोग भएका पाँच पाँच ओटा शब्दहरू खोजेर लेख । (नेपाली पृ.६९)

## हाम्रो नेपाली भित्र समाविष्ट नमुना अभ्यासको व्याख्या तथा विष्लेषण:

## ४.१ शब्दार्थ व्याख्या तथा विश्लेषण

तालिका संङ्ख्या १

| क.सं | शब्दको किसिम | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पर्यायवाची | १८९ | ५८.७ |
| २ | पारिभाषिक/प्राविधिक | १३१ | ४०.७ |
| ३ | अनेकार्थक | – | – |
| ४ | अनुकरणात्मक | – | – |
| ५ | उखानटुक्का | २ | ०.७ |
| | जम्मा | ३२२ | १०० |

(खोज र अध्ययनमा आधारित)

यस अध्ययनमा नमुना अभ्यासको तुलना र विश्लेषण गर्ने क्रममा पाठको अन्त्यमा दिइएको शब्दार्थको पनि व्याख्या र वर्गीकरण गरी तुलना गरिएको छ। कठिन शब्दहरूको अर्थ पाठको अन्त्यमा राखिदिएको हुनाले सिकारुलाई विषयवस्तु बोध पर्न सजिलो भएको छ। माथिको तालिका अनुसार हाम्रो नेपाली भित्र पाठको अन्त्यमा जम्मा ३२२ वटा शब्दार्थहरू राखिएको छ। ती शब्दार्थहरूलाई पर्यायवाची, प्राविधिक, पारिभाषिक, अनेकार्थक, अनुकरणात्मक, उखानटुक्का जस्ता आधारमा वर्गीकरण गर्ने प्रयास गरिएको छ। पर्यायवाची अन्तर्गत २८९ शब्दहरू रहेका छन्। यो कूल सङ्ख्याको ५८.७ प्रतिशत हुन्छ। पारिभाषिक/प्राविधिक अन्तर्गत १३१ शब्दार्थहरू रहेका छन्। यो कूल सङ्ख्याको ४०.७ प्रतिशत हुन्छ। अनेकार्थक र अनुकरणात्मक शब्दहरू शब्दार्थसूचिमा राखिएको पाइँदैन। उखान टुक्का २ मात्र राखिएको छ। यो कूल सङ्ख्याको ०.७ प्रतिशत हुन्छ।

माथिको तालिकालाई हेर्दा हाम्रो नेपाली किताबमा पर्यायवाची र पारिभाषिक/प्राविधिक शब्दार्थहरू मात्र बढी रहेका देखिन्छन्। पाठ्यपुस्तक भित्र कुनै कुनै विधाहरूमा अनुकरणात्मक, अनेकार्थक शब्दहरू रहेका भएतापनि शब्दार्थ सूचिमा त्यसलाई वेवास्ता गरिएको छ। उखान टुक्काले पनि नेपाली भाषालाई रोचक र प्रभावकारी बनाउने हुँदा यसको प्रयोग गर्नु महत्तवपूर्ण कुरा हो तर कथा र रुपक जस्ता विधाहरूमा पनि उखान टुक्काको प्रयोग ज्यादै न्यून देखिन्छ। पाठमा प्रयोग भएका उखान टुक्का लाई समेत शब्दार्थ

सूचिमा राखिएको छैन । समग्रमा माथिको तालिकालाई हेर्दा शब्दार्थ सूचिको प्रयोग र वितरण असमान रहेको देखिन्छ ।

## ४.२ विधासम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

तालिका सङ्ख्या २

| क्र.स. | विधा | पाठ सङ्ख्या | बोध | प्रयोग | सिर्जनात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कविता | ४ | ५३ | २४ | १८ | ९५ | १५.७० |
| २ | कथा | ५ | ९६ | २४ | २१ | १४१ | २३.३१ |
| ३ | निबन्ध/प्रबन्ध | ६ | ९० | ३४ | ३१ | १५५ | २५.६१ |
| ४ | जीवनी | ५ | ७८ | २९ | १८ | १२५ | २०.६६ |
| ५ | एकाङ्की | १ | ११ | ७ | ६ | २४ | ३.९७ |
| ६ | चिठी/निवेदन | २ | २१ | १० | ८ | ३९ | ६.४५ |
| ७ | वादविवाद | १ | १३ | ७ | ६ | २६ | ४.३ |
| जम्मा | | २४ | ३६२ | १३५ | १०८ | ६०५ | १०० |
| प्रतिशत | | | ५९.८३ | २२.३१ | १७.८५ | १०० | |

(खोज र अध्ययनमा आधारित)

माथिको तालिका अनुसार हाम्रो नेपाली किताब कक्षा ८ भित्र जम्मा पाठ सङ्ख्या २४ रहेको छ । प्रत्येक विधाहरूमा भएका नमुना अभ्यासहरूलाई बोध, प्रयोग र सिर्जना गरी तीन आधारमा वर्गीकरण गरी व्याख्या र विष्लेषण गरिएको छ । माथिको तालिका अनुसार कविता विधामा बोध अन्तर्गत ५३ , प्रयाग अन्तर्गत २४ , सिर्जना अन्तर्गत १८ वटा प्रश्नहरू गरी जम्मा ९५ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको १५.७० प्रतिशत हुन्छ । कथा विधामा जम्मा ५ वटा पाठहरू रहेका छन् । यसमा बोध अन्तर्गत ९६, प्रयोग अन्तर्गत २४, र सिर्जना अन्तर्गत २१ प्रश्नहरू गरी जम्मा १४१ वटा प्रश्नहरू रहेका छन । यो कूल सङ्ख्याको २३.३१ प्रतिशत हुन्छ । निबन्ध र प्रबन्ध गरी जम्मा ६ वटा पाठहरू रहेका छन् । यसमा बोध अन्तर्गत ९० वटा, प्रयोग अन्तर्गत ३४ वटा र सिर्जनात्मक अन्तर्गत ३१ वटा गरी जम्मा १५५ वटा प्रश्नहरू रहेका छन् । यो कूल

सङ्ख्याको २५.६१ प्रतिशत हुन्छ। जीवनी विधा अन्तर्गत ५ वटा पाठहरू रहेका छन्। जीवनी विधामा बोध अन्तर्गत ७८ वटा, प्रयोग अन्तर्गत २९ वटा, र सिर्जना अन्तर्गत १८ वटा गरी जम्मा १२५ वटा प्रश्नहरू रहेका छन्। यो कूल सङ्ख्याको २०.६६ प्रतिशत हुन्छ। एकाङ्की विधामा बोध अन्तर्गत ११, प्रयोग अन्तर्गत ७, र सिर्जना अन्तर्गत २ गरी जम्मा २४ वटा प्रश्नहरू रहेका छन्। यो कूल सङ्ख्याको ३.९७ प्रतिशत हुन्छ। त्यस्तै चिठी र निवेदन विधामा बोध अन्तर्गत २१ वटा, प्रयोग अन्तर्गत १० वटा, सिर्जना अन्तर्गत ८ वटा गरी जम्मा ३९ वटा नमुना रहेका छन्। यो कूल सङ्ख्याको ६.४५ प्रतिशत हुन्छ। वादविवाद विधामा बोध अन्तर्गत १३, प्रयोग अन्तर्गत ७, र सिर्जनात्मक अन्तर्गत ६ वटा गरी जम्मा २६ वटा प्रश्नहरू रहेका छन्। यो कूल सङ्ख्याको ४.३ प्रतिशत हुन्छ। समग्रमा हेर्दा बोध अन्तर्गत ३६२ वटा अर्थात कूल सङ्ख्याको ५९.८३ प्रतिशत रहेको छ। प्रयोग अन्तर्गत १३५ वटा प्रश्नहरू रहेका छन्। यो कूल सङ्ख्याको २२.३२ प्रतिशत हुन्छ। सिर्जनात्मक अन्तर्गत १०८ वटा प्रश्नहरू रहेका छन्। यो कूल सङ्ख्याको १७. ८५ प्रतिशत हुन्छ।

माथिको तालिकालाई हेर्दा तहगत आधारमा बोध तहका प्रश्नहरू बढी मात्रामा रहेका छन्। प्रयोग र सिर्जनात्मक प्रश्नहरूमा भने मात्रात्मक रूपमा समानता देखिन्छ। रुपक, चिठी र निवेदन विधाहरूमा सिर्जनात्मक पक्षलाई बढी जोड दिएको पाइन्छ। कथा, निबन्ध र जीवनी विधामा प्रयोग र सिर्जना पक्षको प्रयोग पाठको सङ्ख्या अनुसार कम देखिन्छ। विद्यार्थीको रुची र चाहाना लाई ख्याल गर्ने हो भने सबै विधाहरूमा प्रयोग र सिर्जना पक्षका प्रश्नहरू नमूना अभ्यास भित्र अधिक मात्रामा समावेश गर्न जोड दिनुपर्छ। बोध तहका प्रश्नहरू केही जटिल हुने भएकाले अभ्यासका क्रममा दिक्दारीपन हटाउन र सिर्जनात्मक क्षमताको विकासका लागि प्रयोग र सिर्जना तर्फ जोड दिनुपर्ने हुन्छ।

## ४.३ भाषिक सीप सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

तालिका सङ्ख्या : ३

| क्र.स | भाषिक विधा | बो | प | ले | सु.ले | बो.ले | प.ले | बो.प | प.सु | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कविता | २८ | ७ | ५४ | - | - | ३ | - | ३ | ९५ |
| २ | कथा | ४२ | ८ | ५८ | १ | १ | २१ | १० | – | १४१ |
| ३ | प्रबन्ध | ४३ | २० | ७२ | ४ | | ४ | ११ | १ | १५५ |
| ४ | जीवनी | ३१ | ११ | ७८ | ४ | – | १ | – | – | १२५ |
| ५ | एकाङ्की | २ | ३ | १८ | १ | – | – | – | | २४ |
| ६ | चिठी | ५ | ३ | ३१ | – | – | – | – | | ३९ |
| ७ | वादविवाद | ८ | २ | १६ | | – | – | – | | २६ |
| जम्मा | | १५९ | ५४ | ३२७ | १० | १ | २९ | २१ | ४ | ६०५ |
| प्रतिशत | | २६.२८ | ८.९३ | ५४.०५ | १.६५ | ०.१६५ | ४.७९ | ३.४७ | ०.६६ | |

(खोज र अध्ययनमा आधारित)

माथिको तालिका अनुसार सबै विधाहरूमा गरेर जम्मा ६०५ वटा प्रश्नहरू रहेका छन् । जसमा बोलाई सीप अन्तर्गत १५९ वटा प्रश्नहरू रहेका छन् । यो जम्मा सङ्ख्याको २६.२८ प्रतिशत हुन्छ । पढाइ सीप अन्तर्गत ५४ वटा प्रश्नहरू रहेका छन् । यो जम्मा सङ्ख्याको ८.९३ प्रतिशत हुन्छ । लेखाइ सीप अन्तर्गत जम्मा ३२७ वटा प्रश्नहरू रहेका छन् । यो कूल प्रश्न सङ्ख्याको ५४.०५ प्रतिशत हुन्छ । सुनाइ र लेखाइ दुवै सीप विकास गर्ने जम्मा १० वटा प्रश्नहरू रहेका छन् । यो कूल प्रश्न सङ्ख्याको १.६५ प्रतिशत हुन्छ । बोलाइ र लेखाइ दुवै सीप विकास गर्ने प्रश्न जम्मा १ मात्र प्रश्न रहेको छ । पढाइ र लेखाइ दुवै सीप विकास गर्ने प्रश्न सङ्ख्या जम्मा २९ रहेको छ । यो कूल प्रश्न सङ्ख्याको ४.७९ प्रतिशत हुन्छ । बोलाइ र पढाइ दुबै सीप विकास गर्ने प्रश्न जम्मा २१ वटा रहेका छन् । यो कूल प्रश्न सङ्ख्याको ३.४७ प्रतिशत हुन्छ । पढाइ र सुनाइ सीप विकास गर्ने प्रश्न ४ वटा मात्र रहेका छन् । यो कूल प्रश्न सङ्ख्याको ०.६६ प्रतिशत हुन्छ ।

माथिको तालिकालाई समग्रमा हेर्दा लेखाइ सीप विकास गराउने प्रश्नहरू अधिक देखिन्छन् । चारवटा भाषिक सीपको समानुपातिक विकासलाई विचार पऱ्याउँदा बोलाइ र लेखाइका साथै पढाइ र सुनाइ सीप पक्षलाई पनि जोड दिनुपर्ने हुन्छ । एउटा नमुना प्रश्नले एउटा मात्र भाषिक सीप भन्दा पनि संयुक्त भाषिक सीपको विकास गराउन सके सिकारुको सिकाइलाई थप प्रभावकारी बनाउन मद्दत पुग्छ । माथिको तालिकामा सुनाइ+लेखाइ, बोलाइ+लेखाइ र पढाइ+सुनाइ जस्ता संयुक्त सीप विकासका प्रश्नहरू न्यून देखिन्छन् । बोलाइ र लेखाइ सीप विकासका प्रश्नहरू भने पर्याप्त मात्रामा देखिन्छन् । लेखाइ पछाडि बोलाइ सीप विकास गराउने प्रश्नहरू रहेका छन् । सुनाइ र पढाइ सीप विकासका प्रश्नहरू कम मात्रामा देखिन्छन् ।

## ४.४ व्याकरण पक्षको विश्लेषण

तालिका सङ्ख्या : ४

| क्र.स | व्याकरण शीर्षक | परिचयात्मक | प्रधारणात्मक | प्रयोगात्मक | पहिचानात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | पदसङ्गति | – | – | ८ | २ | १० | ६.०९ |
| २ | वर्ण विन्यास | – | १७ | १ | ५ | २३ | १४.०२ |
| ३ | काल / पक्ष | – | – | ११ | १४ | २५ | १५.२५ |
| ४ | भाव | – | २० | १० | ४ | ३४ | २०.७३ |
| ५ | शव्दवर्ग | – | – | १ | ३ | ४ | २.४४ |
| ६ | वाच्य | – | ८ | १३ | ३ | २४ | १४.६३ |
| ७ | कारक / विभक्ति | – | – | ७ | १२ | १९ | ११.५९ |
| ८ | लेख्य चिन्ह | – | ५ | २ | १ | ८ | ४.८५ |
| ९ | करण / अकरण | – | – | ३ | २ | ५ | ३.०५ |
| १० | पदयोग / पदवियोग | – | – | – | – | – | |
| ११ | शब्दभण्डार | – | ८ | – | ४ | १२ | ७.२७ |
| जम्मा | | – | ५८ | ५६ | ५० | १६४ | १०० |
| प्रतिशत | | | ३५.३७ | ३४.१४ | ३०.०९ | १०० | |

(खोज र अध्ययनमा आधारित)

व्याकरण पक्षको विश्लेषणमा उच्चारण हिज्जे र शब्द भण्डारलाई पनि समावेश गरी अध्ययन गरिएको छ । माथिको तालिका अनुसार पदसङ्गति अन्तर्गत प्रयोगात्मक र पहिचानात्मक गरी जम्मा १० वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको ६.०९ प्रतिशत

हुन्छ । वर्णविन्यास अन्तर्गत धारणात्मक १७, प्रयोगात्मक १ र पहिचानात्मक ५ गरी जम्मा २३ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको १४.०२ प्रतिशत हुन्छ । काल/पक्ष अन्तर्गत प्रयोगात्मक ११, पहिचानात्मक १४ गरी जम्मा २५ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको १५. २४ प्रतिशत हो । भाव अन्तर्गत धारणात्मक २०, प्रयोगात्मक १० र पहिचानात्मक ४ गरी जम्मा ३४ वटा प्रश्नहरू रहेका छन् । यो कूल प्रश्न सङ्ख्याको २०.७३ प्रतिशत हुन्छ ।  शब्दवर्गमा पर्ने प्रयोगात्मक अन्तर्गत १ र पहिचानात्मक ३ गरी जम्मा ४ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको २.४४ प्रतिशत हुन्छ । त्यस्तै गरी वाच्य अन्तर्गत  धारणात्मक ८ वटा, प्रयोगात्मक १३ वटा, पहिचानात्मक ३ वटा गरी जम्मा २४ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको १४.६३ प्रतिशत हो । कारक र विभक्ति अन्तर्गत प्रयोगात्मकमा ७ र पहिचानात्मक १२ गरी जम्मा १९ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको ११.८९ प्रतिशत हो । लेख्य चिन्ह अन्तर्गत धारणात्मक ५, प्रयोगात्मक २ र पहिचानात्मक १ गरी जम्मा ८ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको ४.८५ प्रतिशत हो । त्यस्तै करण अकरण अन्तर्गत प्रयोगात्मक ३ र पहिचानात्मक २ गरी जम्मा ५ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको ०.५ प्रतिशत हो । शब्दभण्डार अन्तर्गत धारणात्मक ८ र पहिचानात्मक ४ गरी जम्मा १२ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको ७.३१ प्रतिशत हुन्छ । समग्रमा मूल्याङ्कन गर्दा व्याकरण पक्षको धारणात्मक अन्तर्गत जम्मा ५८ वटा प्रनहरू पर्दछन् । यो कूल सङ्ख्याको ३५.३७ प्रतिशत हुन्छ । प्रयोगात्मकमा जम्मा ५६ वटा प्रश्नहरू पर्दछन् । यो कूल सङ्ख्याको ३४.१४ प्रतिशत हुन्छ । पहिचानात्मक अन्तर्ग ५० वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको ३०.०९ प्रतिशत हुन्छ ।

माथिको तालिका अनुसार व्याकरण पक्षको विश्लेषण गर्दा धारणात्मक, प्रयोगात्मक र पहिचानात्मक तीनवटै पक्षहरू समग्रमा समानुपातिक नै देखिन्छन् । यो विद्यार्थीको रुची क्षमता र स्तर अनुसार उपयुक्त रहेको छ । व्याकरण शीर्षक अनुसारको वितरण भने असमान रहेको छ । पदयोग र पद वियोग लाई पाठ्यक्रममा समावेश गरिएको भएतापनि नमूना अभ्यासमा समेट्न नसक्नु नमुना अभ्यासको कमजोरी हो । तह र स्तर अनुसार हेर्दा कक्षा ८ मा शव्दवर्गको धारणा दिने प्रकारका नमुना अभ्यास कम रहेको देखिन्छ ।

समग्रमा मूल्याङ्कन गर्दा व्याकरण पक्षका प्रश्नहरू समानुपातिक नै देखिन्छन् । शब्दवर्गको प्रयोग व्यापक हुने भएकोले नमुना अभ्यासमा यसलाई बढाउनु पर्ने देखिन्छ । व्याकरणका अन्य अभ्यासहरू भने पर्याप्त रहेका छन् ।

नेपाली भित्र समावेश नमुना अभ्यासहरूको विश्लेषण :

## ४.५ शब्दार्थ व्याख्या तथा विश्लेषण

तालिका सङ्ख्या : ५

| क्र.सं | शब्दको किसिम | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पर्यायवाची | १३२ | ४२.८६ |
| २ | पारिभाषिक/प्राविधिक | १६७ | ५४.२२ |
| ३ | अनेकार्थक | १ | ० .३२ |
| ४ | अनुकरणात्मक | ६ | १.९५ |
| ५ | उखानटुक्का | २ | ०.६५ |
| | जम्मा | ३०८ | १०० |

(खोज र अध्ययनमा आधारित)

यस अध्ययनमा पाठको अन्त्यमा दिइएका कठिन शब्दार्थलाई पनि समेटी अध्ययन गरिएको छ । पाठको अन्त्यमा दिइएका कठिन शब्दार्थहरूले पाठ बोध गर्न र सीप विकास गर्न सहयोग गर्ने भएकाले यस अध्ययनमा समेटिएको हो। माथिको तालिका अनुसार नेपाली कक्षा ८ मा पाठको अन्त्यमा दिइएका कठिन शब्दार्थहरू जम्मा ३०८ वटा रहेका छन् । तालिका अनुसार पर्यायवाची शब्द १३२ वटा रहेका छन् । यो कूल सङ्ख्याको ४२.८६ प्रतिशत हुन्छ । पारिभाषिक/प्राविधिक शब्दहरू जम्मा १६७ वटा रहेका छन् । यो कूल सङ्ख्याको ५४.२२ प्रतिशत हुन्छ । त्यस्तै अनेकार्थक शब्द शब्दार्थ सूचिमा १ मात्र रहेको छ । अनुकरणात्मक शब्दहरू ६ वटा रहेका छन् । यो कूल सङ्ख्याको १.९५ प्रतिशत हुन्छ । उखान टुक्का २ वटा मात्र रहेका छन् । यो कूल सङ्ख्याको ०.६५ प्रतिशत मात्र हुन्छ ।

माथिको तालिकालाई समग्रमा हेर्दा पर्यायवाची र पारिभाषिक/प्राविधिक शब्दहरू बढी रहेका देखिन्छन् । नेपाली भित्र समावेश गरिएका कठिन शब्दार्थ सूचिमा अनेकार्थक,

अनुकरणात्मक र उखानटुक्काहरू धेरै न्यून रहेका देखिन्छन् । यस तथ्याङ्कलाई हेर्दा विधा अनुसार शब्दहरूको छनोटमा उपयुक्तता देखिदैन । रुपक र कथा विधामा उखानटुक्का र अनुकरणात्मक शब्दको प्रयोग पर्याप्त भए मात्र रुचिपूर्ण हुने भएतापनि यस पाठ्यपुस्तकमा

त्यसको पालना गरिएको छैन भने कतिपय पाठहरूमा कठिन शब्दहरू भएतापनि शब्दार्थ सूचिमा समावेश गरिएको छैन । विद्यार्थीहरूलाई पाठ्यवस्तुको बोध गर्नका लागि पर्याप्त मात्रामा कठिन शब्दार्थलाई पाठको अन्त्यमा दिइएको शब्दार्थ सूचिमा समावेश गर्नु राम्रो हुन्छ । माथिको तथ्याङ्क अनुसार प्राविधिक र पारिभाषिक शब्दहरू भने पर्याप्त रहेका छन्।

## ४.६ विधासम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

तालिका सङ्ख्या :६

| क्र.स. | विधा | पाठ सङ्ख्या | बोध | प्रयोग | सिर्जनात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कविता | ४ | ४९ | ५१ | १५ | ११५ | १४.०४ |
| २ | कथा | ६ | १२२ | ७४ | २३ | २१९ | २६.७४ |
| ३ | निबन्ध/प्रबन्ध | ४ | १०९ | ५४ | १७ | १८० | २१.९८ |
| ४ | जीवनी | ४ | ८६ | ८९ | १२ | १८७ | २२.८३ |
| ५ | एकाङ्की | १ | १३ | ९ | ५ | २७ | ३.२९ |
| ६ | चिठी/निवेदन | २ | २४ | १३ | ११ | ४८ | ५.८९ |
| ७ | वादविवाद | १ | २० | १८ | ४ | ४३ | ५.२५ |
| | जम्मा | २२ | ४२३ | ३०८ | ८८ | ८१९ | १०० |
| प्रतिशत | | | ५१.६५ | ३७.७१ | १०.७५ | १०० | |

(खोज र अध्ययनमा आधारित)

माथिको तालिका अनुसार जम्मा पाठ सङ्ख्या २२ वटा रहेका छन् । कविता विधामा बोध अन्तर्गत ४९ वटा, प्रयोग अन्तर्गत ५१ वटा र सिर्जनात्मक अन्तर्गत १५ वटा गरी जम्मा ११५ वटा प्रश्नहरू रहेको छन् । यो कूल सङ्ख्याको १४.०४ प्रतिशत हो । कथा विधामा जम्मा ६ वटा पाठहरू रहेका छन् । यसमा बोध १२२ वटा, प्रयोग ७४ र

सिर्जनात्मक २३ वटा गरी जम्मा २१९ वटा प्रश्नहरू रहेका छन् । यो कूल प्रश्न सङ्ख्याको २६.७४ प्रतिशत हो । निबन्ध र प्रबन्ध विधामा जम्मा ४ वटा पाठहरू रहेका छन् । यसमा बोध १०९वटा, प्रयोग ५४ वटा र सिर्जनात्मक १७ वटा गरी जम्मा १८० वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको २२.९८ प्रतिशत हुन्छ । जीवनी विधा अन्तर्गत जम्मा पाठहरू रहेका छन् । यसमा बोध अन्तर्गत ८६ वटा, प्रयोग अन्तर्गत ८९ वटा र सिर्जनात्मक १२ वटा गरी जम्मा १८७ वटा  प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको २२.८३ प्रतिशत हुन्छ । यय पाठ्यपुस्तकमा १ एकाङ्की विधा पनि रहेको छ । यसमा बोध अन्तर्गत १३ वटा, प्रयोग ९, र सिर्जनात्मक ५ गरी जम्मा २७ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको ३.२९ प्रतिशत हुन्छ । चिठी र निवेदन अन्तर्गत २ वटा पाठहरू रहेका छन् । यसमा बोध २४, प्रयोग १३, र सिर्जना ११ वटा गरी जम्मा ४८ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको ५.८६ प्रतिशत हुन्छ । त्यस्तै वादविवादमा बोध अन्तर्गत २० वटा, प्रयोग अन्तर्गत १८ वटा र सिर्जनात्मक अन्तर्गत ४ वटा गरी जम्मा ४२ वटा प्रश्नहरू रहेका छन् । यो जम्मा सङ्ख्याको ५.२५ प्रतिशत हुन्छ । समग्रमा सबै विधाहरूमा बोध अन्तर्गत ४२३ वटा प्रश्नहरू रहेका छन् यो कूल प्रश्न सङ्ख्याको ५१.६५ प्रतिशत हो । प्रयोग अन्तर्गत ३०८ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको ३७.७१ प्रतिशत हुन्छ । त्यस्तै सिर्जनात्मक अन्तर्गत जम्मा ८८ वटा प्रश्नहरू पर्दछन् । यो कूल प्रश्न सङ्ख्याको १०.७५ प्रतिशत हुन्छ ।

माथिको तालिका लाई अध्ययन गर्दा बोध तहका प्रश्नहरू अधिक देखिन्छन् भने प्रयोग र सिर्जना तहका प्रश्नहरू कम रहेको देखिन्छ । सिकारुको रुची र चाहानाअनुसार प्रश्न निर्माण गर्दा प्रयोग पक्षलाई ध्यान दिनुपर्ने हुन्छ । भाषिक व्यवहारमा सक्षम बनाउन र सिर्जनात्मक क्षमताको विकासका लागि रुपक विधा बाहेकका अन्य विधाहरूमा पनि सिर्जनात्मक तहका प्रश्नहरू बढाउनुपर्ने हुन्छ ।

## ४.७ सीप सम्बन्धी नमूना अभ्यासको विश्लेषण

तालिका सङ्ख्या : ७

| क्र.स | विधा | बो | प | ले | सु.ले | बो.ले | प.ले | बो.प | सु.बो | प.सु | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कविता | २५ | ८ | ६५ | ३ | – | १३ | – | – | १ | ११५ |
| २ | कथा | ३० | ११ | ९४ | ५ | १ | ७१ | ५ | – | २ | २१९ |
| ३ | निबन्ध | ३१ | ५ | ९८ | ३ | १ | ४० | – | – | २ | १८० |
| ४ | जीवनी | २७ | ५ | १११ | ३ | – | २४ | – | १० | ७ | १८७ |
| ५ | एकाङ्की | ९ | २ | १० | १ | – | ५ | – | – | – | २७ |
| ६ | चिठी | १४ | ४ | १८ | १ | – | ११ | – | – | – | ४८ |
| ७ | वादविवाद | ५ | २ | १३ | – | – | १४ | ५ | ४ | – | ४३ |
| जम्मा | | १४१ | ३७ | ४०९ | १६ | २ | १७८ | १० | १४ | १२ | ८१९ |
| प्रतिशत | | १७.२१ | ४.५२ | ४९.४ | १.९५ | ०.२२४ | २१.७३ | १.२२ | १.७१ | १.४७ | |

(खोज र अध्ययनमा आधारित)

यस अध्ययनमा सीपगत आधारमा पनि नमुना अभ्यासको वर्गीकरण गरिएको छ। माथिको तालिकामा विधागत आधारमा सीप पक्षको वर्गीकरण गरिएको छ। तालिका अनुसार बोलाइ सीप विकास गर्ने जम्मा १४१ वटा प्रश्नहरू रहेका छन्। यो कूल प्रश्न सङ्ख्याको १७.२१ प्रतिशत हुन्छ। पढाइ सीप विकास गर्ने ३७ वटा प्रश्नहरू रहेका छन्। यो कूल सङ्ख्याको ४.५२ प्रतिशत हुन्छ। लेखाइ सीप विकास गर्ने जम्मा ४०९ वटा प्रश्नहरू रहेका छन्। यो कूल सङ्ख्याको ४९.९४ प्रतिशत हुन्छ। सुनाइ र लेखाइ दुवै सीप विकास गर्ने प्रश्नहरू १६ वटा रहेका छन्। यो कूल प्रश्न सङ्ख्याको १.९५ प्रतिशत हो। बोलाई र लेखाइ दुवै सीप विकास गर्ने प्रश्नहरू २ वटा मात्र रहेका छन्। पढाइ र लेखाइ दुवै सीप विकास गर्ने किसिमका प्रश्नहरू १७८ वटा रहेका छन्। यो कूल प्रश्न सङ्ख्याको २१.७३ प्रतिशत हो। बोलाइ र पढाइ सीप विकास गर्ने प्रश्नहरू १० वटा रहेका छन्। यो कूल प्रश्न सङ्ख्याको १.२२ प्रतिशत हो। त्यस्तै सुनाइ र बोलाइ सीप विकास गर्ने प्रश्नहरू १४ वटा रहेका छन्। यो कूल प्रश्न सङ्ख्याको १.७१ प्रतिशत हो। पढाइ र सुनाइ सीप विकास गर्ने १२ वटा प्रश्नहरू रहेका छन्। यो कूल प्रश्न सङ्ख्याको १.४७ प्रतिशत हो।

माथिको तालिकालाई समग्रमा मूल्याङ्कन गर्दा सबै भन्दा बढी लेखाइ सीप विकास गर्ने किसिमका प्रश्नहरू रहेका छन् । लगभग आधा प्रश्नहरू लेखाइ सीप विकास गर्ने किसिमका छन् ।

## ४.८ व्याकरण पक्षको व्याख्या तथा विश्लेषण

तालिका सङ्ख्या : ८

| क.स | व्याकरणशीर्षक | परिचयात्मक | धारणात्मक | प्रयोगात्मक | पहिचानत्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | पदसङ्गति | १ | २१ | ६ | – | २८ | ८.०९ |
| २ | वर्ण विन्यास | – | २३ | ६६ | – | ८९ | २५.७२ |
| ३ | काल/पक्ष | – | ४२ | ४ | १ | ४७ | १३.५८ |
| ४ | भाव | – | १४ | १ | २ | १७ | ४.९१ |
| ५ | शव्दवर्ग | – | १३ | ७ | १६ | ३६ | १०.४० |
| ६ | वाच्य | १ | १० | – | – | ११ | ३.१७ |
| ७ | कारक/विभक्ति | – | १ | ५ | – | ६ | १.७३ |
| ८ | लेख्य चिन्ह | ९ | १ | – | २ | १२ | ३.४६ |
| ९ | करण/अकरण | – | ११ | २ | – | १३ | ३.७६ |
| १० | पदयोग/पदवियोग | – | – | – | १ | १ | ०.२९ |
| ११ | शब्दभण्डार | – | २१ | ६२ | ३ | ८६ | २४.८६ |
| जम्मा | | ११ | १५७ | १५३ | २५ | ३४६ | १०० |
| प्रतिशत | | ३.१८ | ४५.३७ | ४४.२२ | ४४.२३ | १०० | |

(खोज र अध्ययनमा आधारित)

यस अध्ययनमा व्याकरण पक्षको वर्गीकरण र विश्लेषण गर्दा परिचयात्मक, धारणात्मक, प्रयोगात्मक र पहिचानात्मक गरी चार आधारमा गरिएको छ । शब्द भण्डार र उच्चारण हिज्जे लाई पनि यसै भित्र राखी वर्गीकरण र व्याख्या गरिएको छ । माथिको तालिका अनुसार पदसङ्गति अन्तर्गत परिचयात्मक १, धारणात्मक २१ र प्रयोगात्मक ६ वटा गरी जम्मा २८ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको .०९ प्रतिशत हुन्छ । वर्णविन्यास अन्तर्गत धारणात्मक २३ र प्रयोगात्मक ६६ गरी जम्मा ९ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको २५.७२ प्रतिशत हुन्छ । काल र पक्ष अन्तर्गत धारणात्मक ४२ , प्रयोगात्मक ४ र पहिचानात्मक १ गरी जम्मा ४७ वटा प्रश्नहरू रहेका छन् । यो कूल

सङ्ख्याको १३.५८ प्रतिशत हो । त्यस्तै गरी भाव अन्तर्गत धारणात्मक १४ वटा प्रयोगात्मक १ र पहिचानात्मक २ गरी जम्मा १७ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको ४.९१ प्रतिशत हो । शब्दवर्ग अन्तर्गत धारणात्मक १३, प्रयोगात्मक ७ र पहिचानात्मक १६ गरी जम्मा ३६ वटा प्रश्नहरू रहेका छन् । यो कूल प्रश्न सङ्ख्याको १०.४० प्रतिशत हुन्छ । वाच्य अन्तर्गत परिचयात्मक १र धारणात्मक १० गरी जम्मा ११ वटा प्रश्नहरू रहेका छन् । त्यस्तै व्याकरणकै कारक र विभक्ति अन्तर्गत धारणात्मक १ र प्रयोगात्मक ५ गरी जम्मा ६ वटा नमूना प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको १.७३ प्रतिशत हो । लेख्य चिन्ह अन्तर्गत परिचयात्मक ९ ,धारणात्मक १ र पहिचानात्मक २ गरी जम्मा १२ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको ३.४६ प्रतिशत हो । करण र अकरण अन्तर्गत धारणात्मक ११ र प्रयोगात्मक २ गरी जम्मा १३ वटा प्रश्नहरू रहेका छन् । यो कूल प्रश्न सङ्ख्याको ३.७६ प्रतिशत हुन्छ । पद योग र पद वियोग अन्तर्गत पहिचानात्मक मा १ मात्र प्रश्न रहेको छ । यो जम्मा सङ्ख्याको ०.२९ प्रतिशत हुन्छ । शब्दभण्डार अन्तर्गत धारणात्मक २१, प्रयोगात्मक ६२ र पहिचानात्मकमा ३ गरी जम्मा ६ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको २४.८६ प्रतिशत हो ।

समग्रमा व्याकरण पक्षलाई विश्लेषण गर्दा माथिको तालिका अनुसार परिचयात्मक मा जम्मा ११ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको ३.१८ प्रतिशत हो । धारणात्मक अन्तर्गत जम्मा १५७ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको ४५.३७ प्रतिशत हो । प्रयोगात्मक अन्तर्गत जम्मा १५३ वटा प्रश्नहरू रहेका छन् । यो सङ्ख्या कूल सङ्ख्याको ४४.२२ प्रतिशत हुन्छ । पहिचानात्मक अन्तर्गत जम्मा २५ वटा प्रश्नहरू रहेका छन् । यो कूल सङ्ख्याको ७.२३ प्रतिशत हो ।

माथिको तथ्याङ्क अनुसार व्याकरण पक्ष अन्तर्गत प्रयोगात्मक, पहिचानात्मक र धारणात्मक तीनै पक्षका नमुना अभ्यासहरू समानुपातिक रहेका छन् । परिचयात्मक नमुना अभ्यास पनि न्यून मात्रामा समावेश गरिएको छ । पाठ्यक्रममा पदयोग र पदवियोगलाई स्पष्ट रूपमा उल्लेख गरी समेटिएको भएतापनि व्याकरण पक्षको नमुना अभ्यासमा ज्यादै न्यून मात्रामा मात्र यसलाई समेटिएको छ । प्रयोग र पहिचान पक्षलाई जोड दिएर कक्षा ८ को नेपाली पाठ्यपुस्तमा व्याकरण अन्तर्गतका नमुना अभ्यासको संयोजन गर्नु यस परिवर्तित पाठ्यपुस्तकको राम्रो पक्ष मानिन्छ ।

# परिच्छेद पाँच : कक्षा ८ को 'हाम्रो नेपाली किताब' र 'नेपाली' मा समाविष्ट नमुना अभ्यासहरूको तुलना

यस पूर्व गरिएका अध्ययनहरूमा कक्षा ८ को हाम्रो नेपाली किताब को अध्ययन विश्लेषण गरिसकिएको छ भने नेपालीको हालसम्म अध्ययन भएकै छैन । यस अध्ययनमा दुई समानान्तर पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूलाई नै तथ्याङ्कको मूल स्रोत मानी सङ्कलन गरिएका तथ्याङ्कका आधारमा विश्लेषण र तुलना गरि यो अध्ययन गरिएको छ ।

यस अध्ययनमा तुलना गर्ने क्रममा 'हाम्रो नेपाली किताब' लाई पहिलो पक्ष र 'नेपाली' लाई दोस्रो पक्ष मानिएको छ ।

## ५.१ शब्दार्थको तुलनात्मक अध्ययन

तालिका सङ्ख्या –९

| क.स | शब्दार्थ वर्गीकरण | हाम्रो नेपाली किताब | | नेपाली किताब | |
|---|---|---|---|---|---|
| | | सब्दसङ्ख्या | प्रतिशत | सब्दसङ्ख्या | प्रतिशत |
| १ | पर्यायवाची शब्द | १८९ | ५८.७ | १३२ | ४२.८६ |
| २ | पारिभाषिक/प्राविधिक शब्द | १३१ | ४०.७ | १६७ | ५४.२२ |
| ३ | अनेकार्थक शब्द | – | – | १ | ०.३२ |
| ४ | अनुकरणात्मक शब्द | – | – | ६ | १.९५ |
| ५ | उखान टुक्का | २ | ०.७ | २ | ०.६५ |
| | जम्मा | ३२२ | १०० | ३०८ | १०० |

(खोज र अध्ययनमा आधारित)

माथिको तालिकामा कक्षा ८ को 'हाम्रो नेपाली' किताब र 'नेपाली' मा समावेश गरिएका कठिन शब्दार्थको तुलनात्मक तथ्याङ्क प्रस्तुत गरिएको छ । उल्लेखित तथ्याङ्क अनुसार 'हाम्रो नेपाली किताब'मा पर्यायवाची शब्द सङ्ख्या १८९ वटा अर्थात ५८.७ प्रतिशत रहेको छ भने 'नेपाली ' भित्र पर्यायवाची शब्दार्थहरू १३२ वटा अर्थात ४२.८६ प्रतिशत रहेको छ । यस आधारमा हेर्दा 'हाम्रो नेपाली किताब' मा पर्यायवाची शब्दहरू बढी रहेका छन् । त्यस्तै गरी 'हाम्रो नेपाली किताब'मा पारिभाषिक र प्राविधिक शब्दार्थहरू १३१

वटा अर्थात ४०. ७ प्रतिशत रहेको छ भने 'नेपाली ' भित्र पारिभाषिक/प्राविधिक शब्दार्थहरू १६७ वटा अर्थात ५४. २२ प्रतिशत रहेको छ। यस आधारमा हेर्दा 'हाम्रो नेपाली किताब'मा भन्दा 'नेपाली' मा पारिभाषिक शब्दार्थहरू बढी सङ्ख्यामा देखिन्छन्। 'हाम्रो नेपाली किताब'मा अनेकार्थक शब्दार्थहरू रहेका छैनन् भने 'नेपाली' भित्र शब्दार्थ सूचिमा १ मात्र अनेकार्थक शब्दार्थ रहेको छ। 'हाम्रो नेपाली किताब'मा अनुकरणात्मक शब्दार्थहरू शुन्य अवस्थामा छ भने 'नेपाली ' मा अनुकरणात्मक शब्दार्थहरू ६ वटा रहेका छन्। त्यस्तै गरी 'हाम्रो नेपाली किताब'मा उखान टुक्काहरू २ वटा अर्थात ०.७ प्रतिशत रहेको छ भने 'नेपाली' भित्र पनि उखान टुक्काहरू २ वटा नै रहेका छन्।

'हाम्रो नेपाली किताब' मा जम्मा कठिन शब्दार्थहरू ३२२ वटा रहेका छन् भने 'नेपाली' भित्र जम्मा शब्दार्थ सूचिमा रहेका कठिन शब्दार्थहरू ३०८ वटा रहेका छन् माथिको तथ्याङ्क अनुसार यस तथ्याङ्कलाई हेर्दा कठिन शब्दार्थ सूचिमा उखान टुक्काहरू बराबरी मात्रामा देखिन्छन्। समग्रमा हेर्दा 'हाम्रो नेपाली किताब'मा पर्यायवाची शब्द बढी र पारिभाषिक /प्राविधिक शब्दार्थ कम देखिन्छन् भने 'नेपाली' भित्र पारिभाषिक/प्राविधिक शब्दार्थ बढी र पर्यायवाची शब्दार्थ कम देखिन्छ।

दुवै पा्यपुस्तकमा रहेका शब्दार्थ सूचिको तुलनात्मक अध्ययन गर्दा परिमार्जित नेपालीमा पाठको अन्त्यमा दिइएको शब्दार्थ सूचि हाम्रो नेपाली किताबमा रहेको शब्दार्थ सूचि भन्दा केही परिष्कृत देखिन्छ। मात्रात्मक रूपमा कम भएपनि शब्दार्थ सूचिमा उखानटुक्का र अनेकार्थक शब्दलाई समेत समावेश गर्ने प्रयास गरिएको देखिन्छ। पाठभित्र रहेका उखानटुक्का र अनेकार्थक शब्दहरूलाई शब्दार्थ सूचिमा समेट्न अझै पनि कन्जुस्याइँ गरिएको पाइन्छ।

## ५.२ विधा सम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन

तालिका सङ्ख्या :१०

| क्र.स | विधा | अभ्यासका तहगत विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 'हाम्रो नेपाली किताब' | | | | | 'नेपाली' | | | | |
| | | बोध | प्रयोग | सिर्जना | जम्मा | प्रतिशत | बोध | प्रयोग | सिर्जना | जम्मा | प्रतिशत |
| १ | कविता | ५३ | २४ | १८ | ९५ | १५.७० | ४९ | ५१ | १५ | ११५ | १४.०४ |
| २ | कथा | ९६ | २४ | २१ | १४१ | २३.३१ | १२२ | ७४ | २३ | २१९ | २६.७४ |
| ३ | निबन्ध/ प्रबन्ध | ९० | ३४ | ३१ | १५५ | २५.६१ | १०९ | ५४ | १७ | १८० | २१.९८ |
| ४ | जीवनी | ७८ | २९ | १८ | १२५ | २०.६६ | ८६ | ८९ | १२ | १८७ | २२.८३ |
| ५ | एकाङ्की | ११ | ७ | २ | २४ | ३.९७ | १३ | ९ | ५ | २७ | ३.२९ |
| ६ | चिठ्ठी/ निवेदन | २१ | १० | ८ | ३९ | ६.४५ | २४ | १३ | ११ | ४८ | ५.८६ |
| ७ | वादविवाद | १३ | ७ | ६ | २६ | ४.३ | २० | १८ | ४ | ४३ | ५.२५ |
| | जम्मा | ३६२ | १३५ | १०८ | ६०५ | १०० | ४२३ | ३०८ | ८८ | ८१९ | १०० |
| | प्रतिशत | ५९.८३ | २२.३२ | १७.८५ | १०० | | ५१.६५ | ३७.७१ | १०.७५ | १०० | |

(खोज र अध्ययनमा आधारित)

माथि उल्लिखित तालिकामा 'हाम्रो नेपाली किताब' र 'नेपाली' मा समाविष्ट विधा सम्बन्धी नमुना अभ्यासहरूको तुलनात्मक तथ्याङ्कीय सूचना उल्लेख गरिएको छ। यस तथ्याङ्कमा तीनवटा तहगत आधारमा वर्गीकरण गरिएको छ। बोध , प्रयोग र सृजना तीन पक्षहरूको आधारमा नमुना अभ्यासको वर्गीकरण गरिएको छ। कण्ठस्थ तर्फ कुनै अभ्यास नभएकोले त्यसलाई यसमा समावेश गरिएको छ। तालिकाअनुसार हाम्रो 'नेपाली किताब' भित्र जम्मा २४ वटा पाठहरू रहेका छन् भने 'नेपाली' भित्र जम्मा २२ वटा पाठहरू समावेश भएका छन्। यसरी हेर्दा परिवर्तित नेपाली मा पाठगत भार केही कम गरिएको छ।

माथिको तालिका अनुसार'हाम्रो नेपाली किताब' मा बोध अन्तर्गत जम्मा ३६२ वटा अर्थात ५९.८३ प्रतिशत प्रश्नहरू समावेश भएका छन् भने 'नेपाली' भित्र बोध अन्तर्गत जम्मा ४२३ वटा अर्थात ५१.६५ प्रतिशत प्रश्नहरू रहेका छन्। यसरी हेर्दा बोध तहका प्रश्नहरू दुवै पाठ्यपुस्तकमा समानुपातिक नै देखिन्छन्। प्रयोग अन्तर्गत 'हाम्रो नेपाली

किताब' मा जम्मा १३५ वटा अर्थात २२.३२ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र जम्मा ३०८ वटा अर्थात ३७.७१ प्रतिशत प्रश्नहरू समावेश गरिएका छन् । त्यस्तै सिर्जनात्मक अन्तर्गत 'हाम्रो नेपाली किताब' मा १०८ वटा प्रश्नहरू अर्थात १७.८५ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र ८८ वटा अर्थात १०.७५ प्रतिशत प्रश्नहरू समावेश भएका छन् । यसलाई हेर्दा सिर्जनात्मक तहमा 'हाम्रो नेपाली किताब' मा नै प्रश्न सङ्ख्या बढी रहेको छ ।

विधागत आधारमा बोध, प्रयोग र सिर्जना तहका प्रश्नहरूलाई पनि यस तथ्याङ्कमा देखाइएको छ । तालिका अनुसार 'हाम्रो नेपाली किताब' को कविता विधामा बोध अन्तर्गत ५३ वटा, प्रयोग अन्तर्गत २४ र सिर्जनात्मक अन्तर्गत १८ गरी ९५ वटा अर्थात १५.७० प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र बोध तहमा ४९ वटा, प्रयोग तहमा ५१ वटा र सिर्जनात्मक तहमा १५ वटा गरी जम्मा ११५ वटा अर्थात १४.०४ प्रतिशत प्रश्नहरू रहेका छन् । यसलाई हेर्दा 'हाम्रो नेपाली किताब' भन्दा 'नेपाली' किताब भित्र कविता विधामा बोध भन्दा प्रयोग पक्षका प्रश्नहरू बढी देखिन्छन् ।  जम्मा प्रश्न सङ्ख्या पनि 'नेपाली' मा नै बढी रहेका छन् ।

कथा विधामा 'हाम्रो नेपाली किताब' भित्र बोध अन्तर्गत ९६ वटा , प्रयोग अन्तर्गत २४ वटा र सिर्जनात्मक अन्तर्गत २१ वटा गरी जम्मा १४१ वटा अर्थात २३.३१ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र बोध अन्तर्गत १२२ वटा, प्रयोग अन्तर्गत ७४ वटा र सिर्जनात्मक अन्तर्गत २३ वटा गरी जम्मा २१९ वटा अर्थात २६.७४ प्रतिशत प्रश्नहरू रहेका छन् । यस तथ्याङ्कलाई हेर्दा पनि 'नेपाली' मा नै प्रश्न सङ्ख्या बढी रहेका छन् भने दुवै विषयमा बोध तहका प्रश्नहरू बढी देखिन्छन् ।

निबन्ध/प्रबन्ध विधामा 'हाम्रो नेपाली किताब' भित्र बोध अन्तर्गत ९० वटा, प्रयोग अन्तर्गत ३४ वटा र सिर्जनात्मक अन्तर्गत ३१ वटा गरी जम्मा १५५ वटा अर्थात २५.६१ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र बोध अन्तर्गत १०९ वटा, प्रयोग अन्तर्गत ५४ वटा र सिर्जनात्मक अन्तर्गत १७ वटा गरी जम्मा १८० वटा अर्थात २१.९८ प्रतिशत प्रश्नहरू रहेका छन् । यस तथ्याङ्क अनुसार 'हाम्रो नेपाली किताब' मा भन्दा 'नेपाली'मा सिर्जनात्मक तहका प्रश्नहरू कम देखिन्छन् ।

जीवनी विधामा 'हाम्रो नेपाली किताब' भित्र बोध अन्तर्गत ७८ वटा, प्रयोग अन्तर्गत २९ वटा र सिर्जनात्मक अन्तर्गत १८ वटा गरी जम्मा १२५ वटा अर्थात २०. ६६ प्रतिशत

प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र बोध अन्तर्गत ८६ वटा, प्रयोग अन्तर्गत ८९ वटा र सिर्जनात्मक अन्तर्गत १२ वटा गरी जम्मा १८७ वटा अर्थात २२.८३ प्रतिशत प्रश्न सङ्ख्या रहेको छ । जीवनी विधामा 'हाम्रो नेपाली किताब' मा भन्दा नेपाली भित्र प्रश्न सङ्ख्या बढी रहेको छ । जीवनी विधामा 'हाम्रो नेपाली किताब' मा प्रयोग तह अन्तर्गत २९ वटा मात्र प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र ८९ वटा प्रश्नहरू रहेको छ । 'नेपाली' मा प्रयोग पक्षलाई बढी जोड दिइएको पाइन्छ ।

एकाङ्की विधामा दुवै विषयमा १ मात्र पाठ रहेको छ । 'हाम्रो नेपाली किताब' को बोध तहमा ११ वटा, प्रयोग तहमा ७ र सिर्जनात्मक तहमा २ गरी जम्मा २४ वटा अर्थात ३.९७ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' मा बोध तहमा १३ वटा, प्रयोग तहमा ९ र सिर्जनात्मक तहमा ५ गरी जम्मा २७ वटा प्रश्नहरू रहेका छन् । पाठ सङ्ख्या बराबरी भए पनि यस विधामा 'नेपाली'मा नै प्रश्न सङ्ख्या बढी रहेका छन् । प्रयोग तहका प्रश्नहरू पनि 'नेपाली' मा नै बढी रहेका छन् ।

चिठी/निवेदन विधामा 'हाम्रो नेपाली किताब' भित्र बोध अन्तर्गत २१ वटा, प्रयोग अन्तर्गत १० वटा र सिर्जनात्मक अन्तर्गत ८ वटा गरी ३९ वटा अर्थात ६.४५ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र बोध अन्तर्गत २४ वटा, प्रयोग अन्तर्गत १३ वटा र सिजनात्मक अन्तर्गत ११ वटा गरी जम्मा ४८ अर्थात ५.८६ प्रतिशत प्रश्नहरू रहेका छन् । यस भित्र सबै तहका प्रश्नहरू समानुपातिक नै देखिएपनि प्रश्न सङ्ख्या भने 'नेपाली' भित्र नै बढी रहेका छन् ।

वादविवाद विधामा 'हाम्रो नेपाली किताब' भित्र बोध अन्तर्गत १३, प्रयोग अन्तर्गत ७ र सिर्जनात्मक अन्तर्गत ६ गरी जम्मा २६ वटा अर्थात ४.३ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र बोध अन्तर्गत २०, प्रयोग अन्तर्गत १८ र सिर्जनात्मक अन्तर्गत ४ वटा गरी जम्मा ४३ वटा अर्थात ५.२५ पतिशत प्रश्नहरू रहेका छन् । यस विधामा 'नेपाली' भित्र बोध पछाडि प्रयोग तहका प्रश्नहरू बढी रहेका छन् भने 'हाम्रो नेपाली किताब' भित्र बोध पछाडि सिर्जनात्मक र प्रयोग तहका प्रश्नहरू समानुपातिक नै देखिन्छन् ।

सिर्जनात्मक तहको प्रश्न नमुना अभ्यासमा कम मात्रामा देखिएकाले विद्यार्थीको रुची अनुकूल हुनेगरी थप गर्दा प्रभावकारी हुन्छ । तहगत आधारमा दुवै पाठ्यपुस्तकमा प्रश्नहरूको वितरणमा समानता नै देखिन्छ ।

## ५.४ भाषिक सीप सम्बन्धी नमुना अभ्यासको तुलनात्मक अध्ययन

तालिका सङ्ख्या नं. ११

| क.स | भाषिक सीप | 'हाम्रो नेपाली किताब' | | 'नेपाली' | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | बोलाइ | १५९ | २६.२८ | १४१ | १७.२१ |
| २ | पढाइ | ५४ | ८.९३ | ३७ | ४.५२ |
| ३ | लेखाइ | ३२७ | ५४.०५ | ४०९ | ४९.९४ |
| ४ | सु.ले | १० | १.६५ | १६ | ४१.९५ |
| ५ | बो.ले | १ | ०.१६५ | २ | ०.२२४ |
| ६ | प.ले | २९ | ४.७९ | १७८ | २१.७३ |
| ७ | बो.प | २१ | ३.४७ | १० | १.२२ |
| ८ | सु.बो | – | – | १४ | १.७१ |
| ९ | प.सु | ४ | ०.७७ | १२ | १.४७ |
| जम्मा | | ६०५ | १०० | ८१९ | १०० |

(खोज र अध्ययनमा आधारित)

माथिको तालिका अनुसार भाषिक सीप सम्बन्धी नमुना अभ्यासहरूलाई ९ वटा आधारमा वर्गीकरण गरिएको छ । 'हाम्रो नेपाली किताब' मा बोलाई सीप विकास गर्ने जम्मा १५९ वटा अर्थात कूल सङ्ख्याको २६.२८ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र जम्मा १४१ वटा अर्थात १७.२१ प्रतिशत प्रश्नहरू रहेका छन् । यस तथ्याङ्कलाई हेर्दा 'नेपाली' मा भन्दा 'हाम्रो नेपाली किताब' बोलाई सीप विकास गर्ने प्रश्नहरू बढी रहेका छन् ।

'हाम्रो नेपाली किताब' मा पढाइ सीप विकास गर्ने जम्मा ५४ वटा अर्थात कूल सङ्ख्याको ८.९३ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र पढाइ अन्तर्गत जम्मा ३७ वटा अर्थात ४.५२ प्रतिशत प्रश्नहरू रहेका छन् । यस तथ्याङ्क मा पनि पढाइ सीप विकास गर्ने प्रश्नहरू 'नेपाली' मा भन्दा 'हाम्रो नेपाली किताब' मा बढी रहेको देखिन्छ ।
लेखाइ सीप विकास गर्ने प्रश्नहरू 'हाम्रो नेपाली किताब' मा जम्मा ३२७ वटा अर्थात् ५४.०५ प्रतिशत रहेका छन् भने 'नेपाली' मा लेखाइ सीप विकास गराउने प्रश्नहरू जम्मा ४०९ वटा अर्थात ४९.९४ प्रतिशत प्रश्नहरू रहेका छन् । यस अनुसार हेर्दा प्रश्न सङ्ख्या 'नेपाली' भित्र बढी भए पनि लेखाइ सीप विकास गर्ने प्रश्न प्रतिशत भने 'हाम्रो नेपाली किताब' मा नै ५ प्रतिशत ले बढी देखिन्छ ।

त्यस्तै सुनाइ र लेखाइ दुवै सीप विकास गर्ने प्रश्नहरू 'हाम्रो नेपाली किताब' मा १० वटा अर्थात् १.६५ प्रतिशत रहेका छन् भने 'नेपाली' भित्र १६ वटा अर्थात १.९५ प्रतिशत प्रश्नहरू रहेका छन् । यस तथ्याङ्क अनुसार सुनाइ र लेखाइ दुवै सीप विकास गर्ने प्रश्नहरू समान रुपमा नै देखिन्छन् । त्यस्तै बोलाइ र लेखाइ सीप विकास गर्ने प्रश्नहरू 'हाम्रो नेपाली किताब' मा १ मात्र रहेको छ भने 'नेपाली' भित्र पनि २ वटा मात्र रहेका छन् । यो सङ्ख्या दुवै विषयमा न्यून देखिन्छन् ।

पढाइ र लेखाइ दुवै सीप विकास गर्ने प्रश्नहरू 'हाम्रो नेपाली किताब' मा जम्मा २९ वटा अर्थात ४.७९ प्रतिशत रहेका छन् भने 'नेपाली' भित्र जम्मा १७८ वटा अर्थात २१ .८७ प्रतिशत प्रश्नहरू रहेका छन् । यस तथ्याङ्कलाई हेर्दा  'हाम्रो नेपाली किताब' मा भन्दा 'नेपाली' मा पढाइ सीप विकास गर्ने प्रश्नहरू बढी देखिन्छन् । त्यस्तै बोलाइ र पढाइ सीप विकास गर्ने प्रश्नहरू 'हाम्रो नेपाली किताब' मा २१ वटा अर्थात ३.४७ प्रतिशत रहेका छन् भने 'नेपाली' भित्र १० वटा अर्थात १.२२ प्रतिशत मात्र प्रश्नहरू रहेका छन् । सुनाइ र बोलाइ सीप विकास गर्ने प्रश्नहरू 'हाम्रो नेपाली किताब' मा शून्य छ भने नेपाली भित्र १४ वटा अर्थात १.७१ प्रतिशत रहेका छन् । त्यस्तै पढाइ र सुनाइ सीप विकास गर्ने प्रश्नहरू 'हाम्रो नेपाली किताब' मा ४ वटा अर्थात ०.६६ प्रतिशत रहेका छन् भने 'नेपाली' भित्र १६ वटा अर्थात १.४७ प्रतिशत प्रश्नहरू रहेका छन् ।

माथिको तथ्याङ्कलाई हेर्दा हाम्रो नेपाली किताबमा सुनाइ+बोलाइ दुवै सीप विकास गर्ने प्रश्न शुन्य भएतापनि परिमार्जित नेपालीमा १४ वटा प्रश्नहरू दुवै सीप विकासको लागि समावेश गरिएको छ । पढाइ सीप विकास गर्ने पश्नहरू भने हाम्रो नेपालीमा भन्दा नेपालीमा अझ कम रहेका छन् । हाम्रो नेपाली किताबमा भन्दा नेपालीमा सबै भाषिक सीपलाई समेट्ने गरी नमुना अभ्यास छनोट गर्ने प्रयास गरिएको छ ।

## ५.५. व्याकरण पक्षको तुलना

तालिका सङ्ख्या : १२

| क्र. स | व्याकरण शीर्षक | 'हाम्रो नेपाली किताब' | | | | | | 'नेपाली' | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिचयात्मक | धारणात्मक | प्रयोगात्मक | पहिचानात्मक | जम्मा | प्रतिशत | परिचयात्मक | धारणात्मक | प्रयोगात्मक | पहिचानात्मक | जम्मा | प्रतिशत |
| १ | पदसङ्गति | - | - | ८ | २ | १० | ६.०९ | १ | २१ | ६ | - | २८ | ८.०९ |
| २ | वर्ण विन्यास | - | १७ | १ | ५ | २३ | १४.०२ | - | २३ | ६६ | - | ८९ | २५.७२ |
| ३ | काल/पक्ष | - | - | ११ | १४ | २५ | १५.२४ | - | ४२ | ४ | १ | ४७ | १३.५८ |
| ४ | भाव | - | २० | १० | ४ | ३४ | २०.७३ | - | १४ | १ | २ | १७ | ४.९१ |
| ५ | शव्दवर्ग | - | - | १ | ३ | ४ | २.४४ | - | १३ | ७ | १६ | ३६ | १०.४० |
| ६ | वाच्य | - | ८ | १३ | ३ | २४ | १४.६३ | १ | १० | - | - | ११ | ३.१७ |
| ७ | कारक/विभक्ति | | - | ७ | १२ | १९ | ११.५९ | | १ | ५ | - | ६ | १.७३ |
| ८ | लेख्य चिन्ह | - | ५ | २ | १ | ८ | ४.८५ | ९ | १ | - | २ | १२ | ३.४६ |
| ९ | करण/अकरण | - | - | ३ | २ | ५ | ३.०५ | | ११ | २ | - | १३ | ३.७६ |
| १० | पदयोग/ पदवियोग | - | - | - | - | - | - | - | - | - | १ | १ | ०.२९ |
| ११ | शब्दभण्डार | - | ८ | - | ४ | १२ | २.२७ | | २१ | ६२ | ३ | ८६ | २४.८६ |
| जम्मा | | - | ५८ | ५६ | ५० | १६४ | १०० | ११ | १५७ | १५३ | २५ | ३४६ | १०० |
| प्रतिशत | | - | ३५.३७ | ३४.१४ | ३०.४९ | १०० | | ३.१८ | ४५.३७ | ४४.२२ | ७.२३ | १०० | |

(खोज र अध्ययनमा आधारित)

यस अध्ययनमा व्याकरण पक्षको मात्र पनि छुट्टै तुलना र व्याख्या गरिएको छ। यसका लागि परिचयात्मक, धारणात्मक, प्रयोगात्मक र पहिचानात्मक गरी जम्मा चारवटा आधारहरूलाई लिइएको छ व्याकरणको फरक फरक शीर्षक राखी शीर्षक अनुसारको प्रतिशताङ्क पनि प्रस्तुत गरिएको छ। माथिको तथ्याङ्क अनुसार 'हाम्रो नेपाली किताब' मा पदसङ्गति अन्तर्गत प्रयोगात्मक ८ र पहिचानात्मक २ गरी जम्मा १० वटा अर्थात् ६.०९ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र परिचयात्मक १, धारणात्मक २१,

प्रयोगात्मक ६ गरी जम्मा २८ वटा प्रश्नहरू अर्थात् ८.०९ प्रतिशत प्रश्नहरू रहेका छन् । यसआधारमा हेर्दा प्रश्न सङ्ख्या 'हाम्रो नेपाली किताब' मा धेरै कम रहेका छन् ।

वर्ण विन्यास अन्तर्गत 'हाम्रो नेपाली किताब' मा धारणात्मक १७, प्रयोगात्मक १ र पहिचानात्मक ५ गरी जम्मा २३ वटा प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र धारणात्मक २३, प्रयोगात्मक ६६ गरी जम्मा ८९ वटा अर्थात् २५.७२ प्रतिशत प्रश्नहरू रहेका छन् । यस आधारमा हेर्दा 'हाम्रो नेपाली किताब' मा प्रश्न सङ्ख्या कम  रहेको छ भने प्रयोगात्मक तहका प्रश्नहरू न्युन रहेको छ । 'नेपाली' विषयको वर्णविन्यास अन्तर्गत पहिचानात्मक तहमा कुनै प्रश्नहरू पाईँदैन भने 'हाम्रो नेपाली किताब' मा पहिचानात्मक अन्तर्गत ५ वटा प्रश्नहरू रहेका छन् ।

काल/पक्ष अन्तर्गत 'हाम्रो नेपाली किताब' मा प्रयोगात्मक ११, पहिचानात्मक १४, गरी जम्मा २५ वटा अर्थात १५.२४ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र धारणात्मक  ४२, प्रयोगात्मक ४, र पहिचानात्मक १ गरी जम्मा ४७ वटा अर्थात् १३.५८ प्रतिशत प्रश्नहरू रहेका छन् । जम्मा प्रतिशताङ्क समानुपातिक नै देखिए पनि 'नेपाली' भित्र धारणात्मक तहका प्रश्नहरू अधिक रहेका छन् भने 'हाम्रो नेपाली किताब' मा धारणात्मक तहका प्रश्नहरू एउटा पनि रहेका छैनन् । त्यस्तै भाव अन्तर्गत 'हाम्रो नेपाली किताब' मा धारणात्मक २०, प्रयोगात्मक १०, र पहिचानात्मक ४ गरी जम्मा ३४ वटा अर्थात् २०.७३ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' मा धारणात्मक १४, प्रयोगात्मक १ र पहिचानात्मक २ गरी जम्मा १७ वटा अर्थात् ४.९१ प्रतिशत प्रश्नहरू रहेका छन् । भाव अन्तर्गत 'नेपाली' भन्दा 'हाम्रो नेपाली किताब' मा बढी प्रश्नहरू रहेको देखिन्छ ।

शब्दवर्ग अन्तर्गत  'हाम्रो नेपाली किताब' मा प्रयोगात्मक १ र पहिचानात्क ३ गरी जम्मा ४ वटा अर्थात् २.४४ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र धारणात्मक १३, प्रयोगात्मक ७ र पहिचानात्मक १६ गरी ३६ वटा अर्थात् १०.४० प्रतिशत प्रश्नहरू रहेका छन् । यस तथ्याङ्कलाई हेर्दा शब्दवर्ग अन्तर्गतका प्रश्नहरू  'हाम्रो नेपाली किताब' मा ज्यादै न्यून देखिन्छन् ।

वाच्य अन्तर्गत 'हाम्रो नेपाली किताब' मा धारणात्मक ८, प्रयोगात्मक १३ र पहिचानात्मक ३ गरी जम्मा २४ वटा अर्थात् १४.६३ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र परिचयात्मक १ र धारणात्मक १० गरी जम्मा ११ वटा अर्थात् ३.१७ प्रतिशत प्रश्नहरू रहेका छन् । यस शीर्षक अन्तर्गत प्रयोगात्मक तहका प्रश्नहरू 'नेपाली' भित्र शुन्य

देखिन्छन् । कारक/विभक्ति अन्तर्गत'हाम्रो नेपाली किताब' मा प्रयोगात्मक ७ र पहिचानात्मक १२ वटा गरी १९ वटा अर्थात् ११.५९ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र धारणात्मक १ र प्रयोगात्मक ५ गरी जम्मा ६ वटा अर्थात् १.७३ प्रतिशत प्रश्नहरू रहेका छन् । 'नेपाली' भित्र कारक/ विभक्ति शीर्षक अन्तर्गतका प्रश्नहरू धेरै न्यून रहेको देखिन्छ ।

लेख्य चिन्ह अन्तर्गत 'हाम्रो नेपाली किताब' मा धारणात्मक ५, प्रयोगात्मक २ र पहिचानात्मक १ गरी जम्मा ८ वटा अर्थात् ४.८५ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र परिचयात्मक ९, धारणात्मक १ र पहिचानात्मक २ वटा गरी जम्मा १२ वटा अर्थात् ३.४६ प्रतिशत प्रश्नहरू रहेका छन् । 'नेपाली' भित्र परिचयात्मक तहका प्रश्नहरू अधिक रहेका छन् । करण/अकरण अन्तर्गत 'हाम्रो नेपाली किताब' मा प्रयोगात्मक ३ र पहिचानात्मक २ वटा गरी जम्मा ५ वटा प्रश्नहरू रहेका छन् भने 'नेपाली' मा धारणात्मक ११ र प्रयोगात्मक २ गरी जम्मा १३ वटा प्रश्नहरू रहेका छन् ।

पदयोग र पदवियोग शीर्षकका प्रश्नहरू 'नेपाली' भित्र पहिचानात्मक अन्तर्गत एउटा मात्र रहेको छ भने 'हाम्रो नेपाली किताब' मा एउटा पनि रहेका छैनन् ।

शब्दभण्डार अन्तर्गत  'हाम्रो नेपाली किताब' मा धारणात्मक ८ र पहिचानात्मक ४ गरी जम्मा १२ वटा अर्थात् ६.३१ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' भित्र धारणात्मक २१, प्रयोगात्मक ६२ र पहिचानात्मक ३ वटा गरी जम्मा ८६ वटा अर्थात २४.८६ प्रतिशत प्रश्नहरू रहेका छन् ।  यस तथ्याङ्कलाई हेर्दा 'नेपाली' मा शब्दभण्डार तहलाई बढी जोड दिइएको पाइन्छ ।

माथिको तालिका लाई समग्रमा तुलना गर्दा 'हाम्रो नेपाली किताब' मा धारणात्मक अन्तर्गत ५८ वटा अर्थात् ३५.३७ प्रतिशत, प्रयोगात्मक अन्तर्गत ५६ वटा अर्थात् ३४.१४ प्रतिशत र पहिचानात्मक ५१ अर्थात ३१.०९ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली' परिचयात्मक अन्तर्गत ११ वटा अर्थात् ३.१८ प्रतिशत, धारणात्मक अन्तर्गत १५७ वटा अर्थात् ४५.३७ प्रतिशत, प्रयोगात्मक अन्तर्गत १५३ वटा अर्थात् ४४.२२ प्रतिशत र पहिचानात्मक अन्तर्गत २५ वटा अर्थात् ७.२३ प्रतिशत प्रश्नहरू रहेका छन् । व्याकरण पक्षमा 'हाम्रो नेपाली किताब' मा भन्दा 'नेपाली' मा प्रश्न सङ्ख्या बढी रहेको पाइन्छ ।

माथिको तालिकालाई तुलनात्मक रूपमा अध्ययन गर्दा व्याकरण सम्बन्धी नमुना अभ्यासलाई हाम्रो नेपालीमा भन्दा स्तरीकृत गर्ने प्रयास गरिएको छ । विद्यार्थीको रुचि र

क्षमताको कदर हुनेगरी प्रयोगात्मक तहका प्रश्नहरू पर्याप्त मात्रामा समावेश गर्ने प्रयास नेपालीभित्र गरिएको छ । दुवै पाठ्यपुस्तकमा व्याकरणका सबै पक्षलाई समेट्ने प्रयास गरिएको छ भने परिमार्जित पाठ्यपुस्तकमा त्यसलाई अझ विस्तृत पार्ने प्रयास गरिएको छ । व्याकरणको नमूना अभ्यासको रखाइक्रम पनि सरल देखि जटिलको क्रममा उपयुक्त देखिन्छ ।

# परिच्छेद छ : निष्कर्ष र सुझावहरू

कक्षा ८ को 'हाम्रो नेपाली किताब' र 'नेपाली' मा प्रयुक्त नमुना अभ्यासहरूको व्याख्या र तुलनाको आधारमा निम्न निष्कर्ष निकाल्न सकिन्छ ।

## ६.१ निष्कर्ष :

### ६.१.१ 'हाम्रो नेपाली किताब'

(क) यस पाठ्यपुस्तकमा कठिन शब्दका निम्ति तयार पारिएको शब्दार्थ सूचिमा पर्यायवाची र पारिभाषिक प्राविधिक शब्दहरूको बाहुल्यता रहेको छ भने अनेकार्थक, उखानटुक्का र अनुकरणात्मक शब्दहरू न्युन मात्रामा रहेका छन् ।

(ख) पाठ्यपुस्तकको पाठभित्र दिइएका कठिन शब्दार्थहरू पर्यायवाची र पारिभाषिक/ प्राविधिक बढी मात्रामा रहेका छन् ।

(ग) विधा सम्बन्धी नमुना अभ्यासको व्याख्या र विश्लेषणमा आधा भन्दा बढी नमुना अभ्यासहरू बोध तहका छन् भने क्रमशः प्रयोग र सिर्जना तहका प्रश्नहरू घट्दो क्रममा रहेका छन् ।

(घ) भाषिक सीप विकास अन्तर्गतका नमुना अभ्यास अन्तर्गत लेखाइ सीप विकास गर्ने प्रश्नहरू बढी मात्रामा रहेका छन् भने क्रमशः बोलाइ, पढाइ र सयुंक्त सीप विकासका प्रश्नहरू रहेका छन् ।

(ङ) व्याकरण पक्षको नमुना अभ्यास अन्तर्गत धारणात्मक र प्रयोगात्मक तहका प्रश्नहरू समान रुपमा रहेका छन् भने पहिचानात्मक केही मात्रामा रहेका छन् परिचयात्मक प्रश्न शुन्य रहेको छ ।

(च) यस पाठ्यपुस्तकमा विधागत अभ्यास, व्याकरण अभ्यास, उच्चारण हिज्जे र शब्दभण्डार अभ्यासलाई छुट्टाछुट्टै शीर्षक अन्तर्गत राखिएको छ ।

(छ) यस पाठ्यपुस्तकका विधासम्बन्धी अभ्यासहरूका बोध, प्रयोग र सिर्जना तीन पक्षमा सन्तुलन भएको पाइँदैन ।

(ज) अभ्यासमा तुलनात्मक रुपमा विविधताको कमी देखिन्छ ।

(झ) कक्षा ८ को 'हाम्रो नेपाली किताब' का नमुना अभ्यासहरूमा सबै प्रकारका भाषिक सीपलाई समेटेको भए पनि पढाइ सीपको विकासका लागि पर्याप्त अभ्यासहरू समावेश गरिएको पाइँदैन ।

### ६.१.२ 'नेपाली'

(क) यस पाठ्यपुस्तकमा कठिन शब्दको सहजताका लागि तयार गरिएको शब्दार्थ सूचिमा पारिभाषिक र पर्यायवाची बढी मात्रामा रहेका छन् भने अनेकार्थक, उखान टुक्का र अनुकरणात्मकलाई पनि न्यून मात्रामा समावेश गरिएको छ ।

(ख) विधा सम्बन्धी नमुना अभ्यास अन्तर्गत बोध तहमा बढी नमुना अभ्यासहरू रहेका छन् भने क्रमशः प्रयोग र सिर्जना तहका नमुना अभ्यासहरू कम रहेका छन् ।

(ग) सीप विकासका आधारमा नमुना अभ्यासहरूलाई हेर्दा लेखाइ सीप विकासका प्रश्नहरू अधिक रहेका छन् भने पढाइ र लेखाइ दुवै सीप विकास गर्ने प्रश्नहरू र बोलाइ सीप विकास गर्ने प्रश्नहरू समान देखिन्छन्

(घ) व्याकरण पक्ष अन्तर्गत धारणात्मक र प्रयोगात्मक सबैभन्दा बढी रहेका छन् भने क्रमशः पहिचानात्मक र परिचयात्मक न्यून रहेका छन् ।

(ङ) व्याकरण पक्षलाई सरल देखि जटिलको क्रममा स्तरण गरिएको छ ।

(च) व्याकरण, विधागत अभ्यास, उच्चारण हिज्जे, शब्दभण्डार र सिर्जनात्मक अभ्यासलाई छुट्टाछुट्टै रुपमा राखिएको छ ।

(छ) व्याकरण र शब्दभण्डार अभ्यासलाई आगमन विधिबाट सिकाउने प्रयास गरिएको छ ।

(ज) अभ्यासमा विविधताको प्रयास गरिएको छ ।

(झ) पाठ्यविधा अन्तर्गत बोध प्रयोग र सिर्जना पक्षको सन्तुलन असमान रहेको छ ।

(ञ) नेपाली भित्र सीप सम्बन्धि नमुना अभ्यासहरूलाई सुनाइ, पढाइ, बोलाइ र लेखाइको क्रममा राखिएको छ ।

### ६.१.३ तुलनात्मक निष्कर्ष

(क) शब्दार्थको तुलनात्मक विश्लेषण गर्दा 'नेपाली' मा भन्दा 'हाम्रो नेपाली किताब' मा पाठको अन्त्यमा दिइएका कठिन शब्दार्थहरू १४ वटा बढी रहेका छन् ।

(ख) दुवै पाठ्यपुस्तकहरूमा बोध तहका प्रश्नहरू बढी रहेका छन् ।

(ग) भाषिक सीप विकास अन्तर्गत दुवै पाठ्यपुस्तकमा लेखाइ सीपलाई बढी महत्त्व दिइएको छ ।

(घ) दुवै पाठ्यपुस्तकहरूमा विधागत अभ्यास, व्याकरण अभ्यास, शब्दभण्डार, उच्चारण हिज्जे र सिर्जनात्मक अभ्यासलाई छुट्टाछुट्टै रुपमा प्रस्तुत गरिएको छ ।

(ङ) 'हाम्रो नेपाली किताब' मा भन्दा 'नेपाली' मा नमुना अभ्यासमा विविधता ल्याउने प्रयास गरिएको छ ।

(च) 'हाम्रो नेपाली किताब' मा भन्दा 'नेपाली' मा व्याकरण पक्षलाई सरलदेखि जटिलको क्रममा स्तरण गरिएको छ ।

(छ) दुवै पाठ्यपुस्तकमा बोध, प्रयोग र सिर्जना पक्षको सन्तुलन असमान रहेको छ ।

(ज) सीप विकासका आधारमा नमुना अभ्यासहरूको विश्लेषण गर्दा पढाइ सीप विकासका अभ्यासहरूको स्थिति दुवै पाठ्यपुस्तकमा कमजोर कमजोर देखिन्छ ।

(झ) सङ्ख्यात्मक रुपमा पनि हाम्रो 'नेपाली किताबमा' जम्मा ६१९ वटा प्रश्नहरू रहेका छन् भने 'नेपाली' मा जम्मा ८१९ वटा प्रश्नहरू रहेका छन् । यस बाट नमुना अभ्यासका प्रश्नहरूमा विविधिकरण र पर्याप्तता हुँदै आएको बुझ्न सकिन्छ ।

(ञ) दुवै पाठ्यपुस्तकका भाषिक सीप सँग सम्बन्धित अभ्यास अन्तर्गत सुनाइ भन्दा पढाइमा , पढाइभन्दा बोलाइमा र बोलाइ भन्दा लेखाइमा जोड दिएर नमुना अभ्यासको संयोजन गरिएको छ ।

## ६.२ सुझाव

(क) पाठ्यपुस्तकमा पाठ्यवस्तु राम्रोसँग बुझ्न कठिन शब्दहरूको अर्थ पाठको अन्त्यमा दिइनु महत्त्वपूर्ण भएकोले पर्यायवाची,पारिभाषिक/प्राविधिकका साथै अनुकरणात्मक, अनेकार्थक, श्रूतिसमभिन्नार्थक र उखानटुक्काहरूलाई पनि बढी मात्रामा समेटेर विविधता अपनाउनु उपयुक्त देखिन्छ ।

(ख) शब्दार्थ सम्बन्धी अभ्यासहरू दिँदा कठिन शब्दहरूको अर्थ खोज्न शब्दको प्रयोग गर्न प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।

(ग) 'नेपाली' मा भन्दा 'हाम्रो नेपाली किताब' मा नमुना अभ्यासहरूलाई सरल देखि जटिलको क्रममा स्तरण गर्नु आवश्यक देखिन्छ ।

(घ) दुवै पाठ्यपुस्तकमा पाठको अन्त्यमा राखिने विषयवस्तुको विविधतालाई ख्याल गरी प्रयोगात्मक, बोधात्मक र सिर्जनात्मक अभ्यासहरूलाई सन्तुलन मिलाउनु आवश्यक देखिन्छ ।

(ङ) नि.मा.वि. तहमा नमुना अभ्यास निर्माण गर्दा चारवटै भाषिक कुशलताको लागि अनुपात मिलाएर मात्र समावेश गर्नुपर्ने देखिन्छ ।

(च) नमुना अभ्यासहरूमा  विद्यार्थीहरूको लागि विश्लेषणात्मक, समिक्षात्मक, विवेचनात्मक र व्याख्यात्मक प्रकारका प्रश्नहरूलाई बढाउनुपर्ने देखिन्छ ।

(छ) नमुना अभ्यासको छनोट गर्दा विद्यार्थीको रुचिलाई ख्याल गर्नुपर्ने देखिन्छ ।

(ज) व्याकरणीक अभ्यासहरूमा पदसङ्गति र शब्दभण्डारका अभ्यासमा जोड दिइएको भएपनि कारक विभक्ति, पदयोग पद वियोग सम्बन्धी अभ्यासहरू लाई थप गर्नुपर्ने देखिन्छ ।

(ज) विधा सम्बन्धी अभ्यासहरूमा प्रयोगात्मक र सिर्जनात्मक प्रकृतिका अभ्यासहरूको मात्रा बढाउँदै सन्तुलन मिलाउनुपर्ने देखिन्छ ।

(झ) दुवै पाठ्यपुस्तकमा पढाइ सीप विकास गर्ने प्रश्नहरू कम भएकाले पढाइ सीप विकासको पक्षमा नमुना अभ्यास समावेश गर्नुपर्ने देखिन्छ ।

(ञ) 'नेपाली' किताबमा शुद्ध लेखाइ र पढाइको विकासका लागि लेख्य चिन्ह सम्बन्धी नमुना अभ्यासहरूलाई बढाउनुपर्ने देखिन्छ ।

## ६.३ शैक्षणिक प्रयोजन

यस तुलनात्मक अध्ययनमा नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गरी निष्कर्ष निकालिएको छ। निष्कर्षका माध्यम बाट सबल र दुर्बल पक्षको उजागर गरी सुझाब समेत प्रस्तुत गरिएको छ। यस अध्ययनको शैक्षणिक प्रयोजन निम्नानुसार रहेको छ।

(क) प्रस्तुत अध्ययनले 'हाम्रो नेपाली किताब' र 'नेपाली' मा प्रयुक्त नमुना अभ्यासहरूको कमजोर र सबल पक्षको बारेमा जान्न चाहनेहरूका लागि सहयोग पुऱ्याउँछ।

(ख) दुई समानान्तर पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको विविध कोणबाट विश्लेषण गरिएकोले प्राप्त निष्कर्ष र सुझावलाई मध्यनजर गर्दै थप सुधार गर्न सजिलो पर्ने देखिन्छ।

(ग) दुबै पाठ्यपुस्तकबीच रहेको नमुना अभ्यासको वितरण, स्तरण र सन्तुलन जस्ता कुरालाई ध्यान दिई नमुना अभ्यासलाई सुधारको लागि थप बल पुऱ्याउँदछ।

(घ) दुवै पाठ्यपुस्तकमा के कस्ता नमुना अभ्यासहरू कसरी समावेश गरिएका छन् भनी बुझ्न चाहनेका लागि आधार सामग्री बन्दछ।

(ङ) पाठ्यपुस्तक लेखक, शिक्षक, शिक्षक निर्देशिका निर्माता र सरोकार वालाहरूलाई त्रुटि निवारण गर्न उपयुक्त आधार सामग्री बन्दछ।

(च) नमुना अभ्यासको लागि अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरूको लागि अध्ययन सामग्री बन्न पुग्ने देखिन्छ।

(छ) प्रश्नपत्र निर्माणकर्ता एवं विद्यार्थीलाई समेत नमुना अभ्यासको पहिचान गर्न मद्दत पुग्ने देखिन्छ।

(ज) समय सापेक्ष पाठ्यपुस्तकमा रहेका अभ्यासहरू स्तरयुक्त बनाउन पाठयपुस्तक परिमार्जनकर्तालाई आवश्यक सहयोग पुग्दछ।

(झ) नमुना अभ्यासका प्रश्नहरूको वितरणमा देखापरेका असन्तुलनलाई सन्तुलित बनाउन सुझाव प्रदान गर्दछ।

(ञ) पाठ्यक्रमको उद्देश्य अनुरुप पर्याप्त नमुना अभ्यासहरूको संयोजन गरी पाठ्यपुस्तकमा सुधार गर्न सहयोग पुर्‍याउनेछ।

(ट) नमुना अभ्यासमा दिइएका प्रश्नहरू र जिल्लास्तरीय परीक्षामा दिइएका प्रश्नहरू विचमा तुलनात्मक सुझ तयार पार्न सहयोग पुग्ने देखिन्छ।

(ठ) नमुना अभ्यासमा रहेका त्रुटिहरूलाई सच्याएर विद्यार्थीहरूको उपलब्धि मूल्याङ्कनमा सुधार ल्याउन मद्दत गर्नेछ ।

(ड) परिवर्तित पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासहरूको प्रभावकारिता र सान्दर्भिकता पहिल्याउन मद्दत पुग्ने देखिन्छ ।

## ६.४ भावी अनुसन्धानका शीर्षकहरू

(क) कक्षा ७ को 'हाम्रो नेपाली किताब र 'नेपाली' मा रहेका नमुना अभ्यासको तुलनात्मक अध्ययन,

(ख) कक्ष ६ को 'हाम्रो नेपाली किताब र 'नेपाली' मा रहेका नमुना अभ्यासको तुलनात्मक अध्ययन,

(ग) कक्षा ७ को 'नेपाली' भित्र समाविष्ट नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन,

(घ) कक्षा ८ को 'नेपाली' भित्र समाविष्ट नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन,

(ङ) पाठ्यक्रम अनुरुपताको आधारमा कक्षा ७ को 'नेपाली' मा समाविष्ट नमुना अभ्यासको अध्ययन,

# सन्दर्भ सामग्री सूची


अधिकारी, सबिता (२०६५), *मेरो नेपाली किताब कक्षा ३ (२०६९), मा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन* स्नातकोत्तर शोधपत्र (अप्र) त्रि.वि किर्तिपुर

अधिकारी हेमाङ्गराज (२०५९.)*विद्यालय तहमा नेपाली पाठ्यपुस्तकमा विद्यमान स्थिति विद्यार्थीहरूको भाषागत आवश्यकता परिप्रेक्ष शिक्षा,*

अधिकारी हेमाङ्गराज, (२०५३)*नेपाली भाषाशिक्षण,* काठमाडौं कुन्जल प्रकाशन

काफ्ले, लक्ष्मी (२०६९), *कक्षा पाँचको मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन* , स्नातकोत्तर शोधपत्र (अप्र) सुकुना बहुमुखी क्याम्पस,

खतिवडा, फल्गुण प्रसाद (२०६९), *भाषिक सीप विकासका दृष्टिले कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन* स्नातकोत्तर शोधपत्र(अप्र) शोध सुकुना बहुमुखी क्याम्पस

गेलाल राजनकुमार (२०६८) कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको अध्ययन ,स्नातकोत्तर शोधपत्र (अप्र)सुकुना बहुमुखी क्याम्पस,इन्द्रपुर मोरङ

चापागाइँ नरेन्द्र (२०६९ ) *भाषिक अनुसन्धान विधि,* अन्वेषण प्रकाशन समिति इतिहाँस तथा सँस्कृति विभाग स्नातकोत्तर क्याम्पस, विराटनगर

ठकुरी भोजकुमार (२०६१), *हाम्रो नेपाली किताब कक्षा ६ र सजिलो नेपाली माला कक्षा ६ को नमुना अभ्यासको तुलनात्मक अध्ययन* स्नातकोत्तर शोधपत्र ( अप्र) सुकुना बहुमुखी क्याम्पस,

ढुंगाना लक्ष्मीप्रसाद (२०६७), *कक्षा ६ को हाम्रो नेपाली किताब र रसिलो नेपालीमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र (अप्र)सुकुना बहुमुखी क्याम्पस

दाहल मोहनकुमार (२०५५), *निम्नमाध्यामिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास एक अध्ययन,* स्नातकोत्तर शोधपत्र (अप्र) त्रि.वि.किर्तिपुर,

पराजुली ढाकाकुमारी (२०६९) कक्षा ६ को “हाम्रो नेपाली किताब” र “रसिलो नेपाली” भित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन स्नातकोत्तर शोध (अ.प्र) सुकुना बहुमुखी क्याम्पस,इन्द्रपुर मोरङ

पाण्डेय शेषकुमार (२०६२) *कक्षा ८ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रमअनुरुपताको अध्ययन* स्नातकोत्तर शोध(अप्र) त्रिभुवन विश्वविद्यालय,सुकुनाबहमुखी क्याम्पस,इन्द्रपुर

पा.वि.के सानोठिमी भक्तपुर, *आधारभूत शिक्षा पाठ्यक्रम* २०६९,सहयात्रा प्रिन्टर्स एण्ड पब्लिसर्स प्रा.लि विराटनगर

पौडेल माधवप्रसाद (२०५५) *जिल्लास्तरीय परीक्षा २०५१ मा समावेश गरिएका कक्षा आठको नेपाली भाषाका प्रश्नहरू विश्लेषण* ( अप्रकाशित शोध)सुकुना बहुमुखी क्याक्पस इन्द्रपुर,मोरङ

लम्साल, रामचन्द्र र ज्ञवाली रामप्रसाद (२०७०) *नेपाली कक्षा ८ (परीक्षणका लागि)* पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर

भट्टराई गोविन्दप्रसाद र दाहाल दोर्ण (२०५३) *हाम्रो नेपाली किताब कक्षा ८*, पाठ्यक्रम विकास केन्द्र *सानोठिमी भक्तपुर*

भण्डारी पारसमणि, रामनाथ ओझा र डोलराज अर्याल (२०६८) *भाषिक अनुसन्धान विधि,* पिनाकल पब्लिकेसन, काठमाडौं,

भण्डारी पारसमणि, तुलसीराम घिमिरे र रामनाथ ओझा, (२०६८) *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* विद्यार्थी पुस्तक भण्डार,

शर्मा केदार प्रसाद र माधवप्रसाद पौडेल(२०६०) *नेपाली भाषा तथा साहित्य शिक्षण,* न्यु हिरा बुक्स इन्टरप्राइजेज, किर्तिपुर

परिशिष्ट(१ क)

निम्नमाध्यमिक तह उत्तिर्ण परीक्षा हाम्रो नेपाली किताबको

परिमार्जित पाठ्यक्रम, २०५८ अनुसारको विशिष्टीकरण तालिका -२०६१

| क. स | प्रश्नका प्रकार ( पढाइ, लेखाइ क्षेत्र) | विधा | प्रश्नको तह | | | | प्रश्न सङ्ख्या, अङ्कभार र समय | | | | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्ञान | बोध | व्यवहारिक सिप | उच्च दक्षता | जम्मा प्रश्न सङ्ख्या | उत्तर दिनु पर्ने प्रश्न सङ्ख्या | अङ्कभार | समय (मिनेट) | |
| १ | संक्षिप्त उत्तरात्मक प्रश्न | कथा,कविता, प्रबन्ध, जीवनी र रुपक | १ | ३ | – | २ | ६ | ४ | २० | ३६ | कथा, कविता, निबन्ध, जीवनी र रुपक विधाबाट विषयवस्तु, मूलभाव,घटना, सन्देश, चरित्र आदिका सम्बन्धमा ६ प्रश्न सोध्ने र ४ प्रश्नको उत्तर दिन लगाउने । |
| २ | लामो उत्तर दिने प्रश्न | कथा, कविता जीवनी | – | – | – | २ | २ | १ | १० | १८ | कथा, कविता र जीवनी विधाबाट विवेचनात्मक र सिर्जनात्मक क्षमता परीक्षण गर्ने खालका दुई प्रश्न सोध्ने र एक प्रश्नको उत्तर दिन लगाउने । |
| ३ | बोध प्रश्न(दृष्टान्त वा अदृष्टान्त) | कथा,जीवनी, प्रबन्ध वा अन्य लेख रचना | – | १ | – | – | १ | १ | ५ | ९ | पाठ्यपुस्तकका गद्य पाठ वा स्तरीय लेख रचनाबाट १२५ शब्द सम्मको अनुच्छेद दिई अनुच्छेद बाट पठनबोध क्षमता परीक्षण गर्ने खालका ५ प्रश्न सोध्ने |
| ४ | सारांश(दृष्टान्त गद्य) | कथा,जीवनी, निबन्ध, प्रबन्ध | – | – | – | १ | १ | १ | ५ | ९ | बोध प्रश्नमा दिइएको अनुच्छेदकै सारांश लेख्न लगाउने । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | भाव विस्तार | कविता, कथा, जीवनी,प्रबन्ध, निबन्ध, रुपक | – | – | – | २ | २ | १ | ५ | ९ | कविता, कथा, रुपक, जीवनी , निबन्ध/प्रबन्ध विधाबाट भाव विस्तार गर्न सकिने खालका दुई उद्धरण दिई कुनै एकको भाव स्पष्ट पार्न लगाउने । |
| | सप्रसङ्ग व्याख्या | कविता, कथा, जीवनी, प्रबन्ध, निबन्ध, रुपक | – | – | – | २ | २ | १ | ५ | ९ | कविता, कथा, जीवनी, रुपक, निबन्ध प्रबन्ध बिधाबाट सप्रसङ्ग व्याख्या गर्न सकिने खालका दुई उद्धरण दिई कुनै एक उद्धरणको उत्तर दिन लगाउने । |
| ६ | निर्देशित रचना | कथा, संवाद | – | – | – | १ | २ | १ | ५ | ९ | बुँदा दिई कथा र संवाद लेख्ने दुई प्रश्न दिई कुनै एक विधामा निर्देशित रचना गर्न लगाउने |
| ७ | स्वतन्त्र रचना | निबन्ध,प्रबन्ध | | | | १ | १ | १ | १० | १८ | निबन्ध/प्रबन्ध लेख्न सकिने कुनै दुई शीर्षक दिई एक शीर्षकमा १५० शब्दमा नघटाई निबन्ध लेख्ज लगाउने । |
| | | चिठी, वादविवाद | – | – | – | २ | १ | १ | ५ | ९ | चिठी र वादविवादमध्ये शीर्षक दिई कुनै एक रचना स्वतन्त्र रुपमा लेख्न लगाउने । |
| ८ | व्याकरण (पहिचान परिवर्तन र खाली ठाउँ भर्ने प्रश्न) | (क) शब्दवर्ग | – | – | १ | – | २ | १ | ३ | ५ | सबै वर्गका शब्द पर्ने गरी ६ वटा शब्द पहिचान गर्ने प्रश्न सोध्ने । |
| | | (ख) काल,पक्ष अर्थ(भाव) | | | १ | | १ | | १ | ४ | काल,पक्षबाट २ वटा र अर्थ (भाव) बाट २ ओटा परिवर्तन गर्ने वा खाली ठाउँ भर्ने प्रश्न दिने । |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ग)पदसङ्गति वाच्य परिवर्तन र वाक्य परिवर्तन | - | – | १ | – | १ | १ | – | – | पदसङ्गति, वाच्य र वाक्यबाट २/२ वटा पर्ने गरी लिङ्ग, बचन,पुरुष, आदर र अकरणका आधारमा परिवर्तन गर्ने खालका वा खाली ठाउँ भर्ने ६ प्रश्न सोध्ने । |
| | | (घ) कारक र विभक्ति | – | - | १ | – | १ | १ | २ | ४ | कारकबाट २ ओटा र विभक्तिबाट २ वटा पर्ने गरी पहिचानात्मक वा प्रयोगात्मक प्रश्न सोध्ने । |
| | | ङ)वर्णविन्यास र लेख्य चिन्ह | – | – | १ | – | १ | १ | ५ | ९ | आठवटा वर्णविन्यास र २ ओटा लेख्य चिन्हका त्रुटि दिई सच्याएर लेख्न लगाउने । |
| ९ | शब्दभण्डार | (क) शब्दार्थ | १ | – | – | – | १ | १ | २ | ४ | पाठ्यपुस्तकका पाठहरूबाट ४ वटा शब्दको अर्थ लेख्न दिने । |
| | | (ख) शब्द पहिचान | – | – | १ | – | १ | १ | ३ | ४ | पर्यायवाची , विपरीतार्थी, श्रूतिसमभिन्नार्थी, अनेकार्थी शब्दबाट निर्देशन वा सङ्केत बमोजिम अर्थ पहिचान गरी लेख्न लगाउने । |
| | | (ग) वाक्य निर्माण | – | – | १ | – | १ | १ | ५ | ९ | अनुकरणात्मक शब्द, पारिभाषिक/ प्राविधिक, निपात, उखानटुक्काबाट एकएक शब्द दिई वाक्यमा प्रयोग लगाउने |
| | | जम्मा | २ | – | ७ | १३ | २७ | २० | १०० | ३ घण्टा | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

## परिशिष्ट(१ ख)

## आधारभूत तहको नेपाली विषयको विशिष्टिकरण तालिका

## परिमार्जित पाठ्यक्रम २०६९ अनुसार निर्मित

| क. स | क्षेत्र(पढाइ र लेखाइ) | विधा/ परीक्षणीय पक्ष | ज्ञान | बोध | व्यवहारिक सिप | उच्च दक्षता | प्रश्न सङ्ख्या, अङ्कभार र समय | | | | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | जम्मा प्रश्न | उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या | अङ्क भार | समय ( मिनेटमा) | |
| १ | शब्द भण्डार | अर्थ लेखन | १ | | | | १ | १ | ३ | ५ | पाठमा प्रयोग भएका कुनै ६ वटा ( तत्सम,तद्भव र आगन्तुक) समेत पर्ने गरी शब्दको अर्थ दिई जोडा मिलाउन लगाउने । |
| | | शब्द पहिचान | १ | | | | १ | १ | ३ | ५ | पाठमा प्रयुक्त अनेकार्थीबाट २, पर्यायवाचीबाट २, विपरीतार्थकबाट १ र समावेशक, समावेश्यबाट १ गरी जम्मा ६ ओटा शब्द निर्देश वा सङ्केत बमोजिम लेख्न लगाउने । |
| | | वाक्यमा प्रयोग | | | १ | | १ | १ | ४ | ७ | पाठमा प्रयुक्त विभिन्न प्रकृतिका शब्द ( अनुकरणात्मक शब्द १, पारिभाषिक/प्राविधिक शब्द १, उखानटुक्का १ समेत पर्नेगरी ) ४ वटा शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउने । |
| २ | हिज्जे(वर्ण विन्यास)र लेख्य चिन्ह | शुद्धीकरण | | | १ | | १ | १ | २ | ४ | एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्ने गरी वर्णविन्यास ३ ओटा र लेख्य चिन्ह १ ओटा पर्ने गरी चारओटा अशुद्धि भएको गद्यांश दिई शुद्ध गर्न लगाउने । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | | १ | १ | २ | ४ | ह्रस्वदीर्घ, य-ए, ब-व, श-ष, पञ्चम वर्ण शिरबिन्दुबाट चारवटा बहुवैकल्पिक प्रश्न सोध्ने |
| ३ | व्याकरण | शब्दवर्ग | | | १ | | १ | १ | ३ | ५ | ६ ओटा विभिन्न शब्दवर्गका शब्द रेखाङ्कन गरी छुयाउन लगाउने । |
| | | कारक र विभक्ति | | | १ | | १ | १ | १ | २ | दिइएको अनुच्छेद वा वाक्यबाट रेखाङ्कित पदहरूको २ ओटा कारक छुट्याउने वा दुइओट विभक्ति |
| | | काल, पक्ष र भाव | | | १ | | १ | १ | ३ | ५ | काल, पक्ष र भावबाट ६ ओटा धातु सङ्केत गरी ६ ओटा वाक्यका खाली ठाउँ भर्न लगाउने |
| | | वाक्य परिवर्तन | | | १ | | १ | १ | ४ | ७ | लिङ्ग, बचन, पुरुष, आदर गरी २, वाच्य १, करण/अकरण १, वाक्य कोटिका प्रश्न सोधी वाक्य परिवर्तन गर्न लगाउने |
| | | वाक्य रचना ( वर्णन) | | | १ | | १ | १ | ४ | ७ | क्रियाका खास काल, पक्ष वा भावको कोटी तोकेर न्यूनतम ४ वाक्यमा कुनै विषयको वर्णन गर्न लगाउने । |
| ४ | बोध(दृष्टांश) | बोध प्रनोत्तर | | १ | | | १ | १ | ५ | ९ | विभिन्न लेख रचनाहरूबाट १५० शब्द सम्मको दृष्टांश गद्यांश दिई त्यस सम्बन्धी एक वा दुई वाक्यमा उत्तर आउने खालका कुनै  पाँच प्रश्न सोध्ने । |
| ५ | बुँदा टिपोट र सारांश (दृष्टांश) | बुँदा टिपोट र सारांश लेखन | | | | १ | १ | १ | ५ | ९ | गद्य विधाका पाठबाट १०० शब्द सम्मको गद्यांश दिई ४ ओटा बुँदा टिपी सारांश लेख्न लगाउने । |
| ६ | निर्देशित रचना | कथा/जीवनी/व | | | | २ | २ | १ | ४ | ७ | बुँदा दिई कथा जीवनीबाट एक प्रश्न वा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ादविवाद/संवाद चिठी लेखन | | | | | | | | वादविवाद, संवाद, चिठी मध्येबाट कुनै एक प्रश्न गरी दुइ प्रश्न सोध्ने र कुनै एकको उत्तर दिन लगाउने |
| ७ | भाव विस्तार व्याख्या | कथा/कविता/ निबन्ध/प्रबन्ध र जीवनी | | | | २ | २ | १ | ४ | ७ | निर्धारित विधाका २ विशिष्ट पंक्ति दिई कुनै एकको व्याख्या, भाव विस्तार गर्न वा तात्पर्य खुलाउन लगाउने (यसमा कविताको प्रतिनिधित्व अनिवार्य छ ) |
| ८ | पाठगत प्रश्नोत्तर ( संक्षिप्त उत्तरात्मक) | कथा/कविता/ निबन्ध/प्रबन्ध र जीवनी | १ | १ | | १ | ३ | २ | ८ | १५ | निर्धारित विधाहरू कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनीबाट मूलभाव, घटना, सन्देश, चरित्र आदिका सम्बन्धमा ३ ओटा संक्षिप्त उत्तरात्मक प्रश्न सोधी २ वटाको उत्तर दिन लगाउने । |
| | | तार्किक सिल्प/ समस्या समाधान | | | | १ | १ | १ | ४ | ७ | निर्धारित बिधाका कुनै प्रसङ्ग दिई विचार तथा तर्कले पुष्टि गर्ने वा समस्या समाधान गर्ने खालको प्रश्न सोध्ने । |
| ९ | विवेचना | कथा, निबन्ध, प्रबन्ध र जीवनी | | | | २ | २ | १ | ८ | १५ | कथा, निबन्ध, प्रबन्ध र जीवनी मध्ये कुनै दुई विधाबाट विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गर्ने खालका २ प्रश्न सोधी १ प्रश्नको उत्तर दिन लगाउने । |
| १० | स्वतन्त्र रचना | निबन्ध | | | | १ | १ | १ | ८ | १५ | आत्मपरक एउटा र वस्तुपरक २ ओटा पर्नेगरी कुनै ३ शीर्षक दिने ती मध्ये कुनै १ शीर्षकमा १५० शब्दमा नघटाई निबन्ध लेख्न लगाउने । |
| | | जम्मा | ३ | २ | ८ | १० | २३ | १९ | ७५ | २ घण्टा १५ मिनेट | |

# परिशिष्ट दुई (क)
## निम्न माध्यामिक तह उत्तीर्ण परीक्षा २०७१

**कक्षा–८** **विषय –नेपाली** **पूर्णाङ्क : १००**
**समय – ३ घण्टा** **उत्तीर्णाङ्क – ३२**

१. कुनै चार प्रश्नको उत्तर दिनुहोस् । ४ × ५ = २०

क) रहस्यमय जीवन बुझ्नलाई कहाँ गई पढ्नुपर्छ ?
ख) हामी कानूनको सम्मान कसरी गर्न सक्छौं ?
ग) गोपाल प्रसाद रिमालका साहित्यिक रचनामा पाइने विशेषताहरू के के हुन् ?
घ) अन्तरिक्ष यानका मुख्य श्रेणीहरू के के हुन् ?
ङ) 'हामी एउटै हौं' एकाङ्कीको मुख्य आशय के हो ?
च) फ्लोरेन्स नाइटिङ्गेलले गरेका मुख्य-मुख्य कार्यहरू के के हुन् ?

२. कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् । १ × १० = १०

क) 'ओखलढुङ्गा' कवितामा कविले जन्मभूमिप्रतिको अनुरागलाई कसरी प्रकट गरेका छन् ?
ख) विश्वेश्वरप्रसाद कोइरालाले राजनीतिमा गरेका संघर्ष र साहित्यमा पुऱ्याएको योगदानको चर्चा गर्नुहोस् ।

३. दिइएको अनुच्छेद पढी तल सोधिएका प्रश्नको उत्तर दिनुहोस् । १ × ५ = ५

कानूनका आधारमा चल्ने राज्य व्यवस्थालाई नै कानुनी राज्य भनिन्छ । कुनै पनि व्यक्ति, समाज र राष्ट्रको आफ्नै किसिमको मर्यादा हुन्छ । त्यस्तै मर्यादाको रक्षाका निम्ति कानूनको खाँचो पर्दछ । सबै मानिसहरू आ-आफ्ना मर्यादामा चल्ने हो भने सायद कानूनको काम पनि कम हुँदो हो । तर आजको अस्तव्यस्त समाजमा त्यस्तो सम्भव छैन । त्यसैले कानूनको आवश्यकता झन्झन् बढ्न थालेको छ ।

प्रश्नहरू,

क) कानूनी राज्य कस्तो राज्यलाई भनिन्छ ?
ख) कानूनको खाँचो किन पर्छ ?
ग) अस्तव्यस्त समाजमा के हुन सम्भव छैन ?
घ) कानूनको आवश्यकता झन्झन् बढ्नुको कारण के हो ?
ङ) 'मर्यादा' र 'अस्तव्यस्त' शब्दको अर्थ लेख्नुहोस् ।

४. प्रश्न नं. ३ मा दिइएको अनुच्छेदको सारांश लेख्नुहोस । १ × ५ = ५

५. कुनै एक उद्धरणको भाव स्पष्ट पार्नुहोस् । १ × ५ = ५

क) 'गोपाल प्रसाद रिमाल हुने बिरुवाका चिल्ला पात थिए ।'
ख) माटामा पसिना पोखी माटामै फुल्छ जीवन
विश्वका वीरका निम्ति धरतीको पहिलो धन

६. कुनै एक प्रश्नको सप्रसङ्ग व्याख्या गर्नुहोस् । १ × ५ = ५

क) देखिन्छ इश्वर कुन मन्दिरमा पसेर
त्यो हाँस्छ शुद्ध मन आसनमा बसेर
ख) बाहिरी शत्रुलाई उठ्न दिनाको मूल कारण घरझगडा हो ।

७. तलका बुँदाका आधारमा उपयुक्त शीर्षकसहित एउटा छोटो कथा लेख्नुहोस् । ५

कुनै ठाउँमा एउटा ठूलो नदी.........नदीमा बार नभएको साँघुरो पुल..........नदीको वारि र पारिबाट दुई भेडाहरू पुलको बाटो गरी नदी तर्न लाग्नु .........पुलको बीचमा दुबैको जम्काभेट......... दुवैले एक अर्कालाई बाटो नछोड्नु ...........एक आपसमा जुध्नु .........दुवै नदीमा खस्नु ..........दुवैलाई नदीले बगाउनु............जिद्दि स्वभावले आफ्नै विनाश हुने सन्देश ,

अथवा,

'छोरीलाई शिक्षा दिनुपर्छ' भन्ने शीर्षकमा एउटा संवाद तयार गर्नुहोस् ।

८) तलका मध्ये कुनै एक शीर्षकमा एकसय शब्दमा नघटाई निबन्ध लेख्नुहोस् । १०

क) तिमीलाई मन पर्ने कवि ख) विद्यालय

९) कुनै एक प्रश्नको उत्तर दिनुहोस् । ५

क) प्रकृति मानिस नै बलियो हुन्छ भन्ने वादविवादको शीर्षकका पक्षको तर्कहरूको खण्डन गर्दै विपक्षमा आाफ्ना गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् ।

ख) पोखरामा डाक्टर पढ्दैगरेका आफ्ना दाजुलाई आफ्नै गाउँमा आई सेवा गर्न सल्लाह दिदै एउटा चिठी लेख्नुहोस् ।

१०. रेखाङ्कित शब्दहरूको पदवर्ग पहिल्याउनुहोस् । ०.५ × ६ = ३

महेश गरिबीको कारणले धेरै पढ्न सकेन, त्यसैले ऊ घर मै बसेर फुर्सदको बखतमा घरको छतमाथि बसी पीर गरिरहन्छ ।

११. कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् । १ × ४ = ५

क) रामले बाटामा बाघ …………। (देख्: अज्ञात भूत)

ख) तिमी राम्रो लेख्न ……………..। (जान्: सामान्य वर्तमान)

ग) सबैले मैले भनेको …………। ( मान्: आज्ञार्थक)

घ) कथा पढेर तिमीहरू……………..। (हाँस् : सम्भावनार्थक)

१२. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् । ६

क) केशवको भाई कक्षा ८ को मनिटर भयो । (स्त्रीलिङ्ग)

ख) हरि गीत गाउँछ । (बहुबचन)

ग) म विद्यालय जान्छु । (बहुबचन )

घ) सीता किताब किन्छे । ( कर्मवाच्य )

ङ) हामी घर जान्छौँ । (द्वितीय पुरुष )

च) जो पढ्छ उ पास हुन्छ । (सरल वाक्य)

१३. खाली ठाउँमा कारक वा उपयुक्त विभक्ति राखेर वाक्य पुरा गर्नुहोस् । ४

क) दिदी बहिनी ………झोला दिनुहुन्छ । (सम्प्रदाय कारक)

ख) टेबल …………किताब राख । (अधिकरण कारक)

ग) गोविन्द कलम…………..चिठी लेख्छ । (तृतीय विभक्ति)

घ) राधा राम………बहिनी हुन् । (षष्ठी विभक्ति)

१४. शुद्ध पारी उत्तर पुस्तिकामा सार्नुहोस् । ५

सिक्षकले व्यत्तीगत समाजिक र शैक्षिक गुनहरूको पुर्ण विकाश गरेको हुनुपर्छ

१५. तलका शब्दको अर्थ लेख्नुहोस् । ०.५ × ४ = २

जगत, विदुषी, निर्भीक, निराहार

१६. कोष्ठकमा दिइएका उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् । ०.५ × ६ = ३

क) 'नयन' को पर्यायवाची शब्द………हो । (नयाँ, आँखा, नाक)

ख) भित्र को विपरीतार्थक शब्द …………हो । (बाहिर, भित्री, माथि)

ग) ……………श्रूतिसमभिन्नर्थी शब्द हुन् । (दिन-दीन,तल-तर, पानी-पनि)

घ) ………..अनेकार्थक शब्द हो । (मल, कल, पल)

ङ) फूलको समूह बुझाउने शब्द …………होइन । (पत्र, थुङ्गा, गुच्छा)

च) 'घर' को अर्थ ……………पनि हो । (बार, महान्, दरबार)

१७. अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्नुहोस् । १ × ५ = ५

उद्धेश्य, अधिकार, त, श्री गणेश गर्नु, जुन जोगी आए पनि कानै चिरेका ।

# परिशिष्ट दुई (ख)

## आधारभूत तह उत्तीर्ण परीक्षा २०७१

**कक्षा - ८** **विषय -नेपाली** **पूर्णाङ्क -७५**

**समय - २ घण्टा १५ मिनेट** **उत्तीर्णाङ्क -३०**

---

१. तल दिइएका शब्द र अर्थको जोडा मिलाउनुहोस् । ३

| | |
|---|---|
| अशेष | सफा |
| सक्षम | सबै |
| कञ्चन | चेतना |
| अर्चना | समर्थ |
| जागरण | परम्परा |
| अटल | पूजा |
| | अडिग |

२. कोष्ठकमा दिइएका उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् । ०.५ × ६ = ३

क) 'चन्द्र' को पर्यायवाची शब्द.........हो । (रवि, चन्द्र, भाष्कर)
ख) 'इज्जत' को विपरीतार्थक शब्द ...........हो । (बेइज्जत, बेइमान, बेसुर)
ग) ...............श्रूतिसमभिन्नर्थी शब्द हुन् । (दिन-दीन,तल-तर, पानी-पनि)
घ) ...........अनेकार्थक शब्द हो । खुसी, कर, पल)
ङ) फूल शब्दको अर्थ ...........होइन । (कुसुम, पुष्प, थुङ्गा )
च) ............ अनेकार्थक शब्द हो । (कल, जल, मल )

३. अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्नुहोस् । १ × ४ = ४

झलक्क, उन्मत्त हुनु, गौरव, आविष्कार

४. तल दिइएको वाक्य शुद्ध पारी उत्तर पुस्तिकामा सार्नुहोस् । २

प्रवेसिका परिक्षाको नतिजा पनी प्रकाशित भयो

५. रेखाङ्कित शब्दहरूको पदवर्ग पहिल्याउनुहोस् । ०.५ × ६ = ३

<u>तिमी</u> <u>बाठी</u> छ्यौ <u>नत्र</u> <u>दलालले</u> <u>सुटुक्क</u> लगेर पो <u>बेच्थ्यो</u> ।

६. रेखाङ्कित शब्दहरूको कारक पहिल्याउनुहोस् । १

बान्द्रे <u>खुकुरीले</u> <u>घाँस</u> काट्दैछ ।

७. कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् । ०.५ × ६ = ३

क) म सिनेमा ..................। (हेर्:अपूर्ण वर्तमान)
ख) सानी शिक्षक ................।(बन्: सामान्य भविष्यत)
ग) लैनो भैंसी ....................। (मर्: अज्ञात भूत)
घ) तिमी हिमाल ......................(चढ्: इच्छार्थक)
ङ) आज काम ....................। (बन्: सम्भावनार्थक)
च) तिमीहरू मिठो खाना..............। (पकाउः आज्ञार्थक)

८. कोष्ठकमा दिइएको निर्देशन अनुसार वाक्य परिवर्तन गर्नुहोस् । १ × ४ = ४

क) रोहन सफल भएछ । (अकरण)
ख) तिमी कतै पनि जादैनौ । (करण)
ग) तिमी धेरै परिश्रम गर्छौ । (बहुबचन)
घ) त्यसले पढेको छ । (स्त्रिलिङ्ग)

९. भविष्यतकालीन क्रियापद समेटी आफ्नो भावी योजना बारे चार वाक्यमा लेख्नुहोस् । ४

१०. तल दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् । ५

जनसङ्ख्या वृद्धि, अव्यवस्थित सहरीकरण र प्राकृतिक स्रोतको स्वार्थपूर्ण प्रयोगले प्रकृति र वातावरण दुवैको विनाश गर्छ । वातावरण स्वच्छ नभए मानिस अस्वस्थ हुन्छ । मानिसको सोच, स्वास्थ्य र सन्तुष्टिको लागि वातावरण स्वच्छ हुनुपर्छ । सुन्दर प्रकृतिले स्वच्छ विचार जन्माउँछ । प्रकृतिमा सङ्कट आए मानिसको मन र मस्तिष्क स्वच्छ हुँदैन । वातावरण विनाश भए मानिसको अस्तित्व सङ्कटमा पर्छ । प्राकृतिक असन्तुलन भई प्रकृति विनाशको पुञ्ज बन्छ । यसबाट बच्न हामी सबै सचेत हुनुपर्छ । कञ्चन प्रकृति र वातावरणका लागि जनस्तरमा चेतना फैलाउनुपर्छ । असल विचार र सत्प्रयत्नले प्रकृति र वातावरण सुन्दर बनाउनुपर्छ ।

क) प्रकृति र वातावरणको विनाश के कारणले हुन्छ ?
ख) के का लागि वातावरण स्वच्छ हुनुपर्छ ?
ग) कसरी मानिसको अस्तित्व सङ्कटमा पर्छ ?
घ) के भए मानिसको मन र मस्तिष्क स्वच्छ हुँदैन ?
ङ) 'कञ्चन' र 'पुञ्ज' शब्दको अर्थ लेख्नुहोस् ।

१२. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् । ४

क) तल दिइएका बुँदाहरूको आधारमा कथा तयार पार्नुहोस् ।

एउटा लोभी मानिस.............उसले भैंसी पाल्नु..................लोभीले मोही पार्नु............... एउटा झिँगा उडेर आउनु...............नौनी घिउमा झिँगा बस्नु ............झिँगा धपाउनु................ झिँगा उडेर जाँदा घिउ टाँसिनु..............झिँगालाई खेदाउन थाल्नु ...........उड्दाउड्दै झिँगो गल्नु........ झिँगा समातेर ल्याउनु..........टाँसिएको घिउ पुछेर बटुकामा मिसाउनु ............त्यो घिउ लोभिले खानु .........झाडापखाला लागेर पैसा धेरै खर्च हुनु .......लोभ गर्दा हुने हानी बारे सन्देश

ख) स्वदेशमै बसेर पसिना बगाउन अनुरोध गर्दै विदेशमा बसेका दाजुलाई एउटा चिठी लेख ।

१३. तलका मध्ये कुनै एकको भाव विस्तार गर्नुहोस् । ४

क) मेची काली कतै पनि अलिकति देश दुख्नु हँदैन
कसैका पनि आँखाहरूबाट पिडाका थोपाहरू खस्नुहुँदैन

ख) कुपात्रमा परेको अमृत पनि बिष बन्दोरहेछ ।

१४. तलका मध्ये कुनै दुई प्रश्नको उत्तर दिनुहोस् । ४ × २=८

क) कम्प्युटरको उपयोग कुन कुन क्षेत्रमा गर्न सकिन्छ ?
ख) मेरो घर कविताको मुख्य भाव के हो ?
ग) देवकुमारी थापाको बालसाहित्यको क्षेत्रमा कस्तो योगदान रहेको छ ?

१५. यदी तिमी घरझगडा कथाकी पात्र राजेन्द्रलक्ष्मी भएको भए बहादुर शाह प्रति कस्तो व्यवहार गर्थ्यौ ? आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

१६. तलका मध्ये कुनै एकको विवेचनात्मक उत्तर लेख्नुहोस् । ८

क) 'नेपाल' कवितामा हाम्रा पुर्खाहरूले देशका लागि दिइएको योगदानलाई के कसरी वर्णन गरिएको छ ?

ख) कम्प्युटर र इन्टरनेटको प्रयोग मानव जीवनका लागि अपरिहार्य बन्नुको कारण के हो ? स-विस्तार वर्णन गर्नुहोस् ।